# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १५४ | काठमाडौं | आइतबार, ७ असोज २०८० | Prabhab National Daily | Sunday, September 24, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**हेलो सरकारले के गर्छ ?**


- सार्वजनिक निकायमा हुने भेदभाव, वञ्चिती, सेवा प्राप्तिमा अवरोध, नोक्सानी एवं कुनै पीरमर्काबारे नागरिकका गुनासा सुन्छ ।
- कतिपय गुनासो कार्यकक्षबाटै सम्बन्धित निकायसँग सम्पर्क गरी सम्बोधन हुन्छ ।
- गुनासा सम्बोधनका लागि सम्बन्धित निकायहरूमा निर्देशजसहित पठाउँछ ।
- गुनासोउपर कारबाही भए नभएको नियमित ताकेता ।
- गुनासो व्यवस्थापन गर्ने जिम्मेवार अधिकारीसँग निरन्तर छलफल हुन्छ ।

**त्यसैले,**
आफूलाई परेको पीरमर्का तथा गुनासो हेलो सरकारमा टिपाऔं, समस्याको समाधान खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## प्रधानमन्त्री दाहाल चीनमा

### उच्चस्तरीय भेटवार्ता र विभिन्न कार्यक्रममा व्यस्त



**चीनका राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल ।** *तस्बिरः रासस*

**बेइजिङ–** प्रधानमन्त्री पुष्पकमल दाहाल मित्रराष्ट्र चीनको औपचारिक भ्रमणका लागि शनिबार चीन आइपुगेका छन् । प्रधानमन्त्री दाहाल शनिबार चीनको हाङ्चाउ सहर आइपुगेका हुन् ।

शनिबार स्थानीय समयअनुसार बिहान साढे १० बजे उनी सो सहरको हाङ्चाओ विमानस्थलमा अवतरण गरेका थिए । उनलाई सो विमानस्थलमा चीन सरकारका खेलकुद तथा सामान्य प्रशासनमन्त्री एवं चिनियाँ ओलम्पिक कमिटीका अध्यक्ष गाव झिदानले स्वागत गरेका थिए । सो अवसरमा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ र नेपालका लागि चिनियाँ राजदूत छन सोङ पनि थिए ।

संयुक्त राष्ट्रसंघको ७८औं महासभामा सहभागी भई नेपालका तर्फबाट सम्बोधन गरेपछि प्रधानमन्त्री दाहाल न्युयोर्कबाट नै चीन आएका हुन् । यही सेप्टेम्बर २२ मा नेपालका तर्फबाट सो महासभालाई सम्बोधन गरेपछि प्रधानमन्त्री दाहाल चीनको औपचारिक भ्रमणका लागि यहाँ आएका हुन् । प्रधानमन्त्री दाहालको भ्रमणदलमा परराष्ट्रमन्त्री नारायणप्रकाश साउद र अन्य सदस्यहरू पनि छन् ।

त्यसैगरी शनिबार नै प्रधानमन्त्री दाहाल सोही सहरमा आयोजना गरिएको १९औं एसियन गेमको समुद्घाटन समारोहमा पनि सहभागी (**बाँकी पृष्ठ २ मा**)

### राष्ट्रपति सीसँग भेटवार्ता

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहाल र चीनका राष्ट्रपति सी चिनफिङबीच भेटवार्ता भएको छ । चीनको साताव्यापी भ्रमणका लागि शनिबार हाङ्चाउ पुगेका प्रधानमन्त्री दाहालले चिनियाँ राष्ट्रपति सीसँग द्विपक्षीय हितका विविध विषयमा खुला र स्पष्टरूपमा छलफल गरेका प्रधानमन्त्रीको सचिवालयले जानकारी दिएको छ ।

'वार्तामा दुवै नेताबीच क्षेत्रीय स्थिरता, शान्ति र समृद्धिका लागि सबै क्षेत्रीय शक्तिबीच साझा सहकार्य जरुरी रहेको कुरामा सहमति रह्यो । दुवै नेताबीच एकअर्काको चासो र संवेदनशीलता बुझेर आपसी सहकार्य अझ सघन बनाउने विषयमा छलफल भएको छ,' प्रधानमन्त्रीको सचिवालयले उल्लेख गरेको छ । नेपालको आर्थिक, सामाजिक विकासमा सहकार्य र सहयोग गर्न चीन तयार रहेको सन्देश राष्ट्रपति सीले दिएको बताइएको छ ।

प्रधानमन्त्री दाहाल र चिनियाँ राष्ट्रपति सीबीच एक्लाएक्लै र प्रतिनिधिमण्डलसँग सामूहिकरूपमासमेत गरी एक घण्टा लामो छलफल भएको थियो । शान्तिपूर्ण सहअस्तित्वको पाँच सिद्धान्तका आधारमा आपसी सम्मान, समर्थन तथा (**बाँकी पृष्ठ २ मा**)

# बुबाको पदचापमा सुहाङ !

### एमाले अध्यक्ष ओलीले टिकट दिए पनि बुबा सुवासको राजनीतिक विरासतको भऱ्याङ चढेर संसद् छिर्न सुहाङलाई सहज नहुने

- सुवासचन्द्र नेम्वाङको निधनपछि रिक्त इलाम-२ मा उनकै कान्छो छोरा सुहाङलाई उपनिर्वाचन लडाउने तयारीमा एमाले
- बुबाको अधुरा सपना पूरा गर्ने सुहाङको भनाइ
- गठनबन्धन कायमै रहँदा कांग्रेसका डम्बर खड्का बलिया प्रतिस्पर्धी हुने
- नेम्वाङसँग ११४ मतले मात्र पराजित खड्का उपनिर्वाचनको मिति घोषणा नहुँदै तयारीमा जुट्दै
- सुहाङ वा अरू नै उम्मेदवार भए पनि एमालेकै जित हुने एमाले सांसद महेश बस्नेतको दाबी
- आगामी वैशाखमा उपनिर्वाचन गर्ने निर्वाचन आयोगको तयारी

■ **जेबी योञ्जन**

**काठमाडौं–** संविधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेका संविधानसभा अध्यक्ष स्वर्गीय सुवासचन्द्र नेम्वाङको १३औं पुण्यतिथि नजिकिँदै गर्दा उनको चुनाव क्षेत्र इलाम-२ मा भने भावी सांसदबारे बहस सुरु भएको छ । २०५६ सालयता नेम्वाङ यस क्षेत्रबाट कहिले सांसद त कहिले सभासदको रूपमा निर्वाचित भएका थिए । झण्डै अढाइ दशक इलाम-२ को जनप्रतिनिधि बनेका नेम्वाङ सांसदको हैसियतमा रहेकै बखत गत २६ भदौमा दिवंगत भएका थिए ।

यसपछि यहाँ उपनिर्वाचन हुने भएको छ। उपनिर्वाचनबाट इलाम-२ को जनप्रतिनिधि को होलान् ? बहस भइरहेको छ। संसद्को प्रमुख विपक्षी दल नेकपा एमालेले नेम्वाङकै कान्छो छोरा सुहाङलाई उपनिर्वाचन लडाउने तयारी थालेको छ ।



डम्बर खड्का



सुहाङ नेम्वाङ

सुहाङले पनि उपनिर्वाचन लड्ने संकेत दिइसकेका छन् । यही ३ असोजमा संविधान दिवसकै दिन एमालेले आयोजना गरेको 'सुवासचन्द्र नेम्वाङको श्रद्धाञ्जलीसभा' कार्यक्रमलाई गृहजिल्ला इलाममा सम्बोधन गर्दै सुहाङले भनेका थिए, 'बुबाको अधुरा सपना पूरा गर्नेछु ।'

उनी पेसाले कानुन व्यवसायी हुन् । बुबा जसरी कानुनी पृष्ठभूमिबाटै राजनीतिमा जोडिए, त्यसरी नै सुहाङ पनि राजनीतिमा जोडिन लागेको संकेत देखिएको छ । तर, इलाम अध्यक्षसमेत रहेका संघीय सांसद महेश बस्नेतका अनुसार सुहाङ कुनै पनि पार्टी मोर्चामा संगठित भइसकेका छैनन् । 'पार्टी कमिटीहरूमा संगठित हुन बाँकी छ । उहाँले चाहँदा संगठित हुन सक्ने अवस्था छ,' उनले प्रभावसँग भने ।

श्रद्धाञ्जलीसभामा गरेको सम्बोधनलाई लिएर धेरैले सुहाङसँग 'राजनीतिक संस्कार' देखिएको प्रतिक्रिया दिएका छन् । यससँगै उनलाई उपनिर्वाचनमा एमालेबाट उम्मेदवार बनाइनुपर्ने माग हुन थालेको छ । यसबारे निर्णय भने अध्यक्ष केपी शर्मा ओलीले लिनेछन् । किनभने एमालेमा बोलवाला अध्यक्ष ओली नै हुन् । उनले चाहे सुहाङ उम्मेदवार बन्न सक्छन् ।

तर, ओलीले टिकट दिए पनि बुबाको राजनीतिक विरासतको भऱ्याङ चढेर संसद् छिर्न उनलाई सहज हुने देखिँदैन । उपनिर्वाचनको मिति घोषणा नहुँदै तयारीमा जुटिसकेका कांग्रेस इलामका सभापति डम्बर खड्का बलिया प्रतिस्पर्धी हुन् । निर्माण व्यवसायी उनले गत वर्षको ४ मंसिरमा भएको आमनिर्वाचनमा नेम्वाङलाई निकै अप्ठेरो पारेका थिए । नेम्वाङले खड्काले भन्दा ११४ मतमात्रै बढी प्राप्त गरेका थिए । निर्वाचन आयोगले प्रकाशन गरेको निर्वाचन नतिजाअनुसार नेम्वाङले ३० हजार २० मत र खड्काले २९ हजार ९०६ मत पाएका थिए ।

जबकि, अघिल्ला निर्वाचनहरूमा नेम्वाङको त्यति चुनौतीपूर्ण जित हुँदैनथ्यो । उनी हजारभन्दा बढी मतले प्रतिस्पर्धीलाई पराजित गर्थे । पछिल्लो निर्वाचनमा गठबन्धनले गर्दा नेम्वाङमाथि चुनौती थपिएको थियो ।

अहिले पनि त्यसबेलाकै गठबन्धन यथावत् छ । जसले गर्दा यदि सुहाङ एमालेबाट उम्मेदवार नै बने पनि सहानुभूतिको मतले मात्रै उनको जित निर्क्योल गर्ने विश्लेषण हुन थालेको छ । फेरि, उनी जनतासँग भिजिसकेका छैनन् । अधिकांश मतदाताले उनलाई चिनेका छैनन् । चुनाव क्षेत्रमा उनीभन्दा राजनीतिक रूपमा धेरै वरिष्ठ नेताहरू छन् । यी कारणले गर्दा पनि सुहाङलाई उम्मेदवार बनाउँछन् नै भन्ने छैन । तर, विगतलाई हेर्ने हो भने एमालेले दिवंगत नेताका परिवारलाई राजनीतिक (**बाँकी पृष्ठ ३ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या घट्दै


### भदौमा गत वर्षभन्दा साढे २५ हजार कमले लिए श्रम स्वीकृति

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को दोस्रो महिना भदौमा रोजगारीका लागि करिब ५१ हजार नेपाली श्रमिक विदेसिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार भदौमा ५० हजार ८८४ जना नेपाली श्रमिक (नयाँ तथा पुनः श्रम स्वीकृति लिएर) रोजगारीका लागि विभिन्न मुलुकमा गएका हुन् ।

यो संख्या अघिल्लो आवको सोही महिनाको भन्दा २५ हजार ५१९ जनाले न्यून हो । गत आवको भदौ महिनामा ७६ हजार ४०३ जनाले श्रम स्वीकृति लिएका थिए । चालु आवको भदौमा विदेसिने नेपालीको संख्या साउन महिनाको भन्दा न्यून रहेको विभागको तथ्यांकले देखाएको छ । साउनमा ५५ हजार ५७५ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए । यो तथ्यांकले वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या क्रमशः घट्दै गएको देखाउँछ ।

चालु आवको सुरुआती महिनादेखि नै नेपाली श्रमिकहरूको पहिलो गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई) बनेको छ। विभागको तथ्यांकअनुसार ११ हजार ७०९ जनाले श्रम स्वीकृति लिएर युएईलाई पहिलो गन्तव्य बनाएका छन् । साउनमा युएई जान ११ हजार ८७८ जनाले श्रम स्वीकृति लिएका थिए । यस्तै भदौ महिनामा रोजगारीका लागि कतार जान




नौ हजार ७६७ जनाले श्रम स्वीकृति लिएका छन् । संख्याको हिसाबमा कतार दोस्रो स्थानमा परेको छ । तर, कतार जान साउनका भन्दा भदौमा कम श्रमिकले श्रम स्वीकृति लिएका छन् । साउनमा १० हजार ५६१ जनाले श्रम स्वीकृति लिएका थिए । त्यसैगरी श्रम स्वीकृति लिएर साउदी अरेबियामा आठ हजार ८३९ जना श्रमिक रोजगारीका लागि पुगेको विभागले उल्लेख गरेको छ । भदौमा साउदी जाने नेपालीको संख्यामा पनि कमी आएको छ । साउन महिनामा १० हजार ३० जना श्रमिक रोजगारीका लागि साउदी पुगेको विभागको तथ्यांक छ ।

गत आवको अन्तिमसम्म पहिलो स्थानमा रहेको मलेसिया चालु आवको सुरुआतदेखि नै चौथो स्थानमा पुगेको छ । मलेसिया जान भदौ महिनामा आठ हजार १६९ जनाले श्रम स्वीकृति लिएका छन् । साउनमा यो संख्या नौ हजार २६८ रहेको थियो । मलेसिया जाने नेपाली श्रमिकको संख्या विगत केही महिनादेखि क्रमशः घट्दै गएको विभागको तथ्यांकले देखाएको छ । यस्तै कुवेतका लागि तीन हजार ३६७ जनाले श्रम स्वीकृति लिएका छन् । उल्लिखित पाँच मुलुकले नै नेपालको वैदेशिक रोजगारीको ठूलो हिस्सा (झण्डै ८० प्रतिशत) ओगटेको देखिएको छ ।

यसैगरी माल्टामा एक हजार ५३, जापानमा ९४६, क्रोएसियामा ८९२, माल्दिभ्समा ६५९, बहराइनमा ५६३, मोरिसस ५४६, रोमानियामा ५१२, साइप्रसमा ४७७, ओमानमा ३८० जनाले रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् । त्यस्तै इपिएस प्रणालीबाट दक्षिण कोरिया जाने नेपालीको संख्या ८७२ रहेको छ । विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने १५ हजार ५८१ जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३५ हजार ३०३ जना रहेका छन् । चालु आवको दोस्रो महिनामा श्रम स्वीकृति लिनेमध्ये छ हजार ६८७ जना महिला श्रमिक रहेको विभागले उल्लेख गरेको छ ।

यस्तै विभागको तथ्यांकअनुसार जिल्लागतरूपमा धनुषाबाट सबैभन्दा बढी श्रमिकले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । भदौमा धनुषाबाट दुई हजार ५६३ जना विदेसिएका छन् ।

त्यस्तै दोस्रोमा झापा रहेको छ । यस अवधिमा झापाबाट दुई हजार ३८७ जना श्रमिक विदेसिएका छन् । यस्तै तेस्रो स्थानमा परेको मोरङबाट दुई हजार १०३ जना रोजगारीका लागि बाहिरिएका छन् । चौथोमा रहेको सिरहाबाट एक हजार ९८६ र पाँचौंमा रहेको महोत्तरीबाट एक हजार ९७८ जना श्रम स्वीकृति लिएर विदेश गएका छन् । त्यसैगरी रूपन्देही, सुनसरी, सर्लाही, सप्तरी, चितवन, दाङ, कपिलवस्तु, मकवानपुर, रौतहट, तनहुँ, स्याङ्जा, बारा, धादिङ र नवलपरासी पूर्वबाट पनि वैदेशिक रोजगारीका लागि जाने नेपालीहरूको संख्या ठूलो रहेको विभागको तथ्यांकले देखाएको छ ।






**प्रधानमन्त्री दाहाललाई चीनमा स्वागत** | जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाललाई शनिबार हाङ्जाउ विमानस्थलमा स्वागत गर्दै चिनियाँ बालिका । *तस्बिरः प्रदीपराज वन्त/रासस*

# काठमाडौं महानगरको श्रम बैंकमा ४०० आवेदन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौं महानगरपालिकाको श्रम बैंकमा ४०० आवेदन परेका छन् । गत भदौ पहिलो साता महानगरले सीप भएका तर रोजगार नभएका जनशक्तिलाई श्रम बैंकमा आबद्ध हुन माग गरेको सूचनाअनुसार ४०० आवेदन परेका महानगर प्रशासन महाशाखा प्रमुख सरिता राईले जानकारी दिइन् ।

उनका अनुसार महानगरले आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा महानगर स्वर्णिम योजनाअन्तर्गत श्रम बैंक सञ्चालन गर्ने नीति लिएको थियो । सोहीअनुसार महानगरले आवेदन माग गरेको हो । 'यसबाट सामाजिक विकास, पूर्वाधार निर्माण, मर्मतसम्भार, सम्पदा संरक्षण, वातावरण संरक्षण, सहरी सुव्यवस्था कायम गराउनेलगायत क्षेत्रमा काम गर्न चाहिने जनशक्तिको सूचीकरण हुनेछ,' प्रमुख राईले भनिन् । उनका अनुसार केन्द्रमा एक महिनाको अवधिमा ४०० आवेदन परेका छन् । महानगरका ३२ वटै वडामा आवेदन आएको जानकारी प्राप्त भएको उनले बताइन् ।

महानगरले श्रम बैंक सञ्चालनका लागि कार्यविधि तयार गर्ने काम गरिरहेको जनाउँदै संकलन भएका आवेदनबाट प्राथमिकीकरण र वर्गीकरणको काम भइरहेको प्रमुख राईले जानकारी दिइन् । 'बेरोजगारका लागि एउटा आधार तयार गरिदिने उद्देश्यले श्रम बैंकमा श्रमिकलाई आबद्ध गराइएको हो,' उनले भनिन्, ' महानगरले तयार गरेको श्रम बैंकमा श्रमिकको नाम हुन्छ । जहाँ श्रमिकको ज्यालादर, कामको प्रकार फोन नं र श्रमिक कहाँ बस्नेलगायत विवरण उल्लेख गरिएको हुन्छ ।'

कार्यक्रमको मुख्य उद्देश्य सहजरूपमा श्रमिक उपलब्ध गराई सीप क्षमता भएका श्रमिकलाई काममा लागाई उचित पारीश्रमिकको व्यवस्था गर्नु रहेको प्रमुख राईले बताइन् । उनका अनुसार चालु आर्थिक वर्षका लागि काम गर्न इच्छुक व्यक्तिले आवेदनमा काम गर्न चाहेको कामको विवरण, आफूले काम गरेको भए अनुभवको क्षेत्रलगायत विवरण भर्नुपर्ने छ ।

राईका अनुसार आवेदन फाराममा विभिन्न ६४ प्रकारका काम उल्लेख गरिएका छन् । फाराम आफू बसेको वडामा अथवा महानगरको रोजगार सेवा केन्द्रमा बुझाउनुपर्ने उनले बताइन् । 'श्रम बैंकमा आबद्ध हुन स्थायी ठेगाना जहाँ भए पनि हुन्छ तर काठमाडौंमा बसोबास भएको हुनुपर्नेछ,' प्रमुख राईले भनिन्, 'यस कार्यक्रमले आवश्यक पर्ने श्रमशक्तिको उपलब्धता सहज हुनेछ ।' उनका अनुसार यसमा सूचीकृत जनशक्तिलाई अन्य सरकारी, गैरसरकारी तथा निजी क्षेत्रमासमेत उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ ।

# मैतीदेवीमा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न




■ **प्रभाव संवाददाता**

काठमाडौं- वातावरणमैत्री समाज र महिला जागरण मञ्चको आयोजनामा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । शनिबार मैतीदेवी मन्दिर परिसरमा आयोजित शिविरमा डेढ सयभन्दा बढीले नि:शुल्क स्वास्थ्यपरीक्षण गराएको आयोजकले जानकारी दिएको छ ।

स्वास्थ्य शिविरको उद्घाटन गर्दै बागमती प्रदेशसभाका सभामुख भुवन पाठकले मानव स्वास्थ्यका लागि गरिएको कार्यक्रम अत्यन्त सरहानीय भएको बताए । उनले नि:शुल्क स्वास्थ्य शिविरबाट वडावासी लाभान्वित भएको उल्लेख गर्दै आयोजकलाई धन्यवाद दिए ।

'स्वास्थ्य सबैभन्दा महत्त्वपूर्ण र संवेदनशील विषय हो । अहिले स्वास्थ्य सेवा धेरै महँगो बनेका कारण जनताको पहुँचबाट टाढा बनेको छ । यस किसिमको नि:शुल्क स्वास्थ्य शिविरले जनतालाई आफ्नै घरदैलोमा स्वास्थ्य परीक्षणको अवसर दिलाएको छ,' सभामुख पाठकले भने ।

महिला जागरण मञ्चले नियमित आयोजना गर्दै आएको रक्तदान कार्यक्रमलाई शनिबार पनि निरन्तरता दिएको थियो । मानिसको जीवन बचाउने रगतको अभाव पूर्ति गर्नका लागि रक्तदान कार्यक्रम प्रभावकारी हुने बताउँदै सभामुख पाठकले मञ्चको कार्यको प्रशंसा गरे । उनले यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिए ।

# चित्रकला प्रतियोगिताका विजेता पुरस्कृत

**काठमाडौं (प्रस)–** विश्व पर्यटन दिवस-२०२३ को अवसरमा 'सम्पदा' शीर्षकमा चित्रकला प्रतियोगिता सम्पन्न भएको छ । नेपाल सम्पदा संघ र काठमाडौं महानगरपालिकाको सहकार्यमा शनिबार आयोजित प्रतियोगिताका विजयी छात्र-छात्रालाई पुरस्कृत गरिएको छ ।

हनुमानढोका दरबारपरिसरभित्र सञ्चालन गरिएको प्रतियोगितामा पहिलो भएकी एसओएस पाठशालाकी आयुषा सुनुवारले १० हजार रूपैयाँ हात पारिन् । त्यसैगरी दोस्रो हासिल गरेका पाठशाला स्कुलका मोनिक श्रेष्ठ र तेस्रो जगतसुन्दर व्यनेकुथीकी युरिना महर्जनलाई क्रमशः सात हजार र पाँच हजार रूपैयाँ पुरस्कार प्रदान गरियो । सान्त्वना पुरस्कारस्वरूप शान्ति विद्यागृहकी शान्ती भुजेल र पाठशाला स्कुलकी वैभवी श्रेष्ठलाई जनही दुई/दुई हजार रूपैयाँ प्रदान गरिएको थियो ।

सो अवसरमा नेपाल सम्पदा संघकी अध्यक्ष अम्बिका श्रेष्ठले पुर्खाले शताब्दीऔं अगाडि बनाएर छोडेको सम्पदाको संरक्षण प्रवर्द्धन गर्दै आजको पुस्ताले त्यसप्रति गौरव गर्न पाएको बताइन् । सो चित्रकला प्रतियोगिताको निर्णायकमण्डलमा प्राज्ञ सुष्मा राजभण्डारी, रत्न शाक्य र डा.पूर्ण राज्यलक्ष्मी राणा रहेका थिए ।

संघका महासचिव प्रकाश दर्नालले विश्व पर्यटन दिवसको अवसरमा संघले चित्रकला प्रतियोगिता, पाटनढोका र ठमेलमा सम्पदा यात्रा र सम्पदा चित्र कार्यशालालगायतका साताव्यापी कार्यक्रमको आयोजना गरिने जानकारी दिए ।

## प्रधानमन्त्री...

पृष्ठ १ बाट जारी

भएका थिए । त्यहाँ उनलाई चिनियाँ खेलकुद अधिकारीहरूले स्वागत गरेका थिए ।

त्यसैगरी शनिबार नै हाङ्चाउमा नै प्रधानमन्त्री दाहालले चिनियाँ राष्ट्रपति सी चीनफिङले आयोजना गरेका दिवाभोजमा सहभागी भएका थिए । त्यस अवसरमा नेपालको भ्रमण दलका अन्य सदस्यहरू पनि सहभागी भएका थिए । शनिबार प्रधानमन्त्रीले चिनियाँ राष्ट्रपति सीसँग भेटवार्ता गरेका छन् । उनीहरूबीचको सो वार्तामा द्विपक्षीय हित र चासोका साथै नेपाल-चीन सम्बन्धका विविध विषयमा कुराकानी भएको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ ।

त्यस्तै प्रधानमन्त्री दाहाल आज आइतबार चीनको राजधानी सहर बेइजिङ आउने कार्यक्रम छ । उनी आज बिहान ११:१० बजे आइपुग्ने कार्यक्रम रहेको छ ।

बेइजिङमा आज हुने नेपाल-चीन बिजनेस समिटको कार्यक्रमलाई प्रधानमन्त्री दाहालले सम्बोधन गर्ने कार्यक्रम रहेको छ । चीनस्थित नेपाली राजदूतावासको समन्वयमा नेपाल उद्योग वाणिज्य महासंघ र चिनियाँ उद्योगी व्यवसायीहरूको संस्था सिसिपिआइटीले सो सम्मेलनको आयोजना गरेका छन् ।

उक्त लगानी सम्मेलनमा नेपाल र चीनका १०० भन्दा बढी उद्योगी-व्यवसायी सहभागी रहने जनाइएको छ । उक्त सम्मेलनका क्रममा नेपाल र चीनबीच लगानीका क्षेत्र पहिचान गर्नुका साथै नेपालमा लगानी प्रवर्द्धनका विषयमा आवश्यक छलफल हुनेछ ।

आइतबार नै चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठले प्रधानमन्त्री र चीन भ्रमणमा रहेको नेपाली प्रतिनिधिमण्डलको सम्मानमा आयोजना गरेका रात्रिभोजमा सहभागी हुने कार्यक्रम रहेको छ । त्यस्तै सोमबार प्रधानमन्त्री दाहालले चीनको नेसनल पिपुल्स कांग्रेसको स्थायी समितिका अध्यक्ष चाओ लेजीसँग भेटवार्ता गर्ने छन् । त्यस्तै सोमबार नै प्रधानमन्त्री दाहालले आफ्ना चिनियाँ समकक्षी चिनियाँ प्रधानमन्त्री लि छ्याङसँग द्विपक्षीय भेटवार्ता गर्ने छ । सोही दिन नेपाल चीनका विविध सहयोग सम्झौतामा पनि हस्ताक्षर हुने कार्यक्रम रहेको छ ।

उक्त द्विपक्षीय भेटवार्ता र दुई देशबीचको सहयोग सम्झौतामा हस्ताक्षर गरेपछि प्रधानमन्त्री दाहाल चीनको छोङछिङ महानगरपालिकामा चीनले कृषि र औद्योगिक क्षेत्रमा गरेको विकासको अवलोकन गर्ने कार्यक्रम रहेको छ । उक्त महानगरमा आधुनिक कृषि प्रणालीका साथै चीनले अपनाएको आधुनिक खेती प्रणालीबारेमा प्रधानमन्त्रीले जानकारी लिने कार्यक्रम रहेको छ । त्यसपछि प्रधानमन्त्री दाहाल नेपालसँग सिमाना जोडिएको चीनको तिब्बत स्वशासित क्षेत्रको भ्रमणमा जाने छन् । तिब्बतमा रहँदा पनि उनले त्यहाँका उच्चपदस्थ अधिकारीसँग भेटवार्ता गर्ने कार्यक्रम छ । प्रधानमन्त्री दाहाल आफ्नो प्रतिनिधिमण्डलसहित यही असोज १३ गते नेपाल फर्कने कार्यक्रम छ । *रासस*

## राष्ट्रपति सीसँग...

पृष्ठ १ बाट जारी

समान अस्तित्वका साथ अघि बढ्ने विषय छलफलमा उठेको जनाइएको छ । चीनका राष्ट्रपति सीले भूगोलका आधारमा ठूलो-सानो देशको कुनै भेदभावविना समान र सहअस्तित्वका साथ अत्यन्तै नजिकको सम्बन्ध अघि बढाएको स्मरण गर्दै आगामी दिनमा दुई देशबीचको सम्बन्ध थप उचाइमा पुग्ने बताएका थिए ।

प्रधानमन्त्री दाहालले चीन र नेपालबीच विगत लामो समयदेखिको ऐतिहासिक सम्बन्धको चर्चा गर्दै अहिलेको परिस्थितिमा सीले अघि सारेका नवीनतम् अवधारणा यस क्षेत्रको शान्ति र प्रगतिका लागि महत्त्वपूर्ण रहेको बताए । उनले एक चीन नीतिप्रतिको प्रतिबद्धता व्यवहारबाटै पुष्टि गरेको उल्लेख गरे नेपालले स्वतन्त्र र असंलग्न परराष्ट्र नीति अंगीकार गरेको र यो वा त्यो नामका कुनै पनि सैन्य रणनीतिक योजनामा सामेल हुन नसक्ने प्रस्ट पारे ।

प्रधानमन्त्री दाहालले चीनले अघि सारेको 'वेल्ट एण्ड रोड' अवधारणाले नेपालको पूर्वाधार विकासमा महत्त्वपूर्ण परिवर्तन ल्याउन सक्ने भएकाले यसअघि नै नेपालले उक्त अवधारणामा सहमति जनाइसकको स्मरण गरे । चीनको विकासले एसिया क्षेत्रकै विकासमा सहयोग पुग्ने अपेक्षा प्रधानमन्त्री दाहालले गरे । राष्ट्रपति सीले प्रधानमन्त्री दाहालसँगका यसअघिका भेटको चर्चा गर्दै आफू राष्ट्रपति हुनासाथ दक्षिण एसियाबाट पहिलो नेताका रूपमा चीनमा स्वागत गरेको स्मरण गरे । उनले यस किसिमका छलफलले दुई देशबीचका सम्बन्ध र विश्वासलाई अझ सुदृढ गर्ने बताए ।


# Invitation for Bids

## Darma Rural Municipality

**Office Of The Rural Municipal Executive**
**Pharulachaur, Salyan**
**Karnali Province,Nepal**
**Date of publication: 2080/06/07 ( 24th sep,2023)**
**Invitation for Bids No: DRM/NCB/G/01/2080/081**

1. The Darma Rural Municipality invites electronic bids from eligible bidders for the procurement ad supply of Medicine for basic and emergency health service at Darma Rural Municipality under National competitive bidding – Single Stage Single Envelope procedures.The estimated amount for the procurement and supply is nrs. 31,99,962.53.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Darma Rural Municipality ,Pharulachaur,Salyan,pho no: 9857835207, 9857855655, email: ito.darmamun.gov.np or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document Nrs. 3000.00 in the following Rajaswa (revenue) account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank : Nabil Bank Ltd.**
**Name of Office : Darma Rural Municipaltty**
**Office Code no. : Office Account no.: 7301017500275**
**Rajaswa (revenue) Shirshak no. :**

4. Pre-bid meeting shall be held at Darma Rural Municipality,Pharulachaur,Salyan at 13:00 noon, 2080/07/26
5. electronic bids must be submitted to through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 2080/07/07 on 12:00 noon. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 noon ,2080/07/07 at the office of Pharulachaur,Salyan. Bids must be valid for a period of 90 from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs 80,000.00, which shall be valid for 30 days beyond the validity period of the bid 2080/11/07 .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# ‘सुरक्षित उपत्यका अभियान’मा प्रहरी



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) दीपक थापाले ‘सुरक्षित उपत्यका अभियान’मा नेपाल प्रहरी लागेको बताएका छन् ।

सामुदायिक सेवा केन्द्र र सामुदायिक प्रहरी सेवा केन्द्र टुँडालदेवीले शनिबार यहाँ आयोजना गरेको ‘नागरिक सुनुवाइ-२०८० ’ मा उनले काठमाडौं, भक्तपुर र ललितपुरलाई सुरक्षित बनाउने अभियानमा प्रहरी लागेको बताए ।

‘काठमाडौं उपत्यकालाई सुरक्षित बनाउन नागरिकसँग हातेमालो गर्दै अपराध नियन्त्रण गर्ने र आपराधिक क्रियाकलापमा संलग्नलाई कानुनी दायरामा ल्याउनका लागि योजना बनाएका छौं,’ प्रमुख थापाले भने । उपत्यकाको सुरक्षाका लागि १२ हजार प्रहरी तैनाथ रहेको उनको भनाइ थियो ।

उनले काठमाडौंमा हुने आपराधिक घटनामा संलग्नलाई कारबाही गर्न प्रविधिको प्रयोगलाई प्राथमिकता दिएको बताउँदै उपत्यकाभित्र सिसी क्यामरा जडानका लागि उपत्यकाका विभिन्न पालिकासँग सहकार्य भइरहेको जानकारी दिए ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक भूपेन्द्र खत्रीले अपराध नियन्त्रणका लागि समाजको सहयोग आवश्यक रहेको बताए । ‘समाजमा हुने विकृति, विसंगति र चोरीका घटनाको अन्त्यका लागि सबैको साथ र सहयोग आवश्यक छ,’ उनले भने । उनले जनताले अपेक्षा गरेअनुरूपको शान्तिसुरक्षा प्रदान गर्न काठमाडौं प्रहरी तत्पर रहेको उल्लेख गरे ।

सामुदायिक सेवा केन्द्र टुँडालदेवीका अध्यक्ष रामप्रसाद न्यौपानेले चण्डोल, धुम्बाराही, बालुवाटार, चुनदेवी, टुँडालदेवीलगायतको क्षेत्रमा हुने विकृति, विसंगति अन्त्यका लागि सामुदायिक प्रहरी सेवा केन्द्रको सहकार्यमा सामुदायिक सेवा केन्द्रले काम गर्दै आएको बताए ।

उनले चाडपर्वको समयमा हुने चोरी, लुटपाटका घटना कम गर्नका लागि सबै लाग्नुपर्ने बताए । ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्व बोकेको टुँडालदेवीको विकासका लागिसमेत सामुदायिक सेवा केन्द्रले काम गर्दै आएको उनको भनाइ थियो । काठमाडौं महानगरपालिका-४ का वडाध्यक्ष दिनेश महर्जन, नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक अमरसिंह शाहलगायतले समाजमा हुने आपराधिक क्रियाकलाप अन्त्यका लागि प्रहरी र स्थानीयवासीबीच सहकार्यको खाँचो रहेको बताए ।

वि.सं. २०५९ मा स्थापना भएको सामुदायिक प्रहरी सेवा केन्द्रले काठमाडौं महानगरपालिका-४ मा हुने विकृति तथा विसंगति अन्त्यका लागि विभिन्न सामाजिक काम गर्दै आएको केन्द्रका निमित्त प्रमुख डम्बर शाहीले जानकारी दिए । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, नेपाल सरकारका पूर्वसचिव, नेपाली सेनाका पूर्वअधिकृत, नेपाल प्रहरीका पूर्वअधिकृतलगायतको सहभागिता थियो ।

# पाठेघरको क्यान्सरविरूद्ध खोप असोज १० गतेसम्म

काठमाडौं (प्रस)- किशोरीलाई लगाइने पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप ‘ एचपिभी’ अभियानको समय थप गरिएको छ । यही असोज ५ गतेसम्म सञ्चालन गर्ने भनिएको खोप अभियान पाँच दिन थप गरी असोज १० गतेसम्म सञ्चालन हुने भएको हो ।

स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले शैक्षिक हडताल, संविधान दिवसलगायत कारणले लगातार बिदा परेकाले खोप लगाउने समय थप गरिएको जानकारी दिए । उनका अनुसार यसअघि पनि बिदा परेकाले विद्यार्थी खोप लगाउन नआएपछि पाँच दिन थप गरिएको थियो ।

‘लगातारको सार्वजनिक बिदाले विद्यार्थी (किशोरी) खोप लगाउन आएनन्,’ डा. गौतमले भने, ‘ त्यही भएर लक्षित किशोरीलाई खोप लगाउनका लागि समय थप गरिएको हो ।’ तीज, संविधान दिवस र शैक्षिक हडतालले खोप लगाउने कार्य प्रभावित भएको उनको भनाइ थियो ।

डा. गौतमका अनुसार अहिलेसम्म ६४.४३ किशोरीले मात्र एचपिभी खोप लगाएका छन् । सरकारले पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको खोप ‘एचपिभी’ नौ हजार ९९९ किशोरीलाई लगाउने लक्ष्य राखेकामा अहिलेसम्म छ हजार ४४२ किशोरीले खोप लगाइसकेका उनले जानकारी दिए ।

कोशी प्रदेशका सबै किशोरीले खोप लगाइसकेका छन् भने मधेस प्रदेशको वीरञ्गाजस्थित नारायणी अस्पतालमा एक हजार २७२, बागमती प्रदेशको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा ८२५, गण्डकी प्रदेशको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ८५९, लुम्बिनी प्रदेशको भेरी अस्पताल बाँकेमा ४८९, कर्णाली प्रदेशको प्रादेशिक अस्पताल सुर्खेत ७८५ र सुदूरपश्चिम प्रदेशको डडेलधुरा अस्पतालमा १९३ जना किशोरीले एचपिभी खोप लगाइसकेका खोप शाखाका प्रमुख डा. गौतमले जानकारी दिए । उनका अनुसार सबभन्दा कम प्रसूति अस्पतालमा २७ प्रतिशत किशोरीले मात्र खोप लगाएका छन् ।

यही भदौ २७ गते सात प्रदेशका सातवटै अस्पतालबाट १४ वर्ष उमेर पूरा भई १५ वर्ष नकटेका किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि एचपिभी खोप ‘डेमोस्ट्रेसन’का रूपमा सञ्चालन गरिएको छ । खोपको पहिलो मात्रा अहिले दिइने र छ महिनापछि दोस्रो मात्रा दिइनेछ ।

एचपिभी खोप दुई मात्रा लगाए पाठेघरको मुखमा हुने क्यान्सरको संक्रमणबाट ९५ प्रतिशत सुरक्षा प्रदान गर्ने डा. गौतमले बताए । यसअघि सरकारले सन् २०१६/१७ मा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप नमूनाका रूपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो ।

## बुबाको...

पृष्ठ १ बाट जारी

अवसर दिने गरेको छ । हेलिकप्टर दुर्घटनामा दिवंगत भएका तत्कालीन एमाले सांसद तथा पर्यटनमन्त्री रवीन्द्र अधिकारीको निर्वाचन क्षेत्रमा उपनिर्वाचन हुँदा पत्नी विद्या भट्टराईलाई टिकट दिइएको थियो । उनले चुनाव जितिन् ।

दासढुंगा दुर्घटनामा ज्यान गुमाएका एमाले सांसदसमेत रहेका तत्कालीन महासचिव मदन भण्डारीको स्थानमा श्रीमती विद्यादेवी भण्डारीलाई एमालेले टिकट दिएको थियो । त्यसबेला उनले पनि चुनाव जितिन् । माओवादी युद्धकालमा मारिएका तत्कालीन एमाले सांसद यदु गौतमको ठाउँमा एमालेले श्रीमती तीर्था गौतमलाई सांसद बनायो ।

यी केही दृष्टान्तले सहानुभूतिका लागि भए पनि एमालेले दिवंगत नेताका परिवारलाई निर्वाचनमा अवसर दिने गरेको छ । यदि, सुहाङलाई पनि उपनिर्वाचनमा टिकट दिएको अवस्थामा उनको जित होला कि नहोला ? उपनिर्वाचन भएर परिणामले बताउनेछ । एमाले सांसद बस्नेत भने एमाले उम्मेदवारकै जित हुने दाबी गर्छन् । ‘सुहाङ होस् वा अरु नै उम्मेदवार, एमालेकै जित हुन्छ त्यहाँ,’ उनले भने ।

उनको दाबी प्रमाणित होला भन्न सकिने बलियो आधार भने छैन । किनभने एमालेको नेतृत्वमा प्रदेशको नाम ‘कोशी’ राखियो भन्ने बुझाइ चुनाव क्षेत्रमै पर्ने ‘माङ्सेबुङवासी’को छ । जुन किरात धर्मको केन्द्र मानिन्छ । करिब १५ हजार किरात धर्मावलम्बीको मत यहाँ रहेको छ । यहाँको मत निर्णायक हुने राजनीतिक विश्लेषण हुने गरेको छ ।

किरात अगुवामध्येका एक जना रमेश लिङ्देनका अनुसार माङ्सेबुङवासीलाई नेम्वाङले चुनावको अघिल्लो सातामात्रै विश्वासमा लिएका थिए । तर, १७ फागुन २०७० मा प्रदेशको नाम कोशी कायम भएपछि माङ्सेबुङका किरात धर्मावलम्बीहरू बेखुस छन् । उनीहरूको प्रदेशको नाम अझैसम्म ‘किरात’ चाहन्छन् । सुहाङलाई उम्मेदवार बनाए पनि एमालेबाट ‘धोका पाएको’ ठानिएका माङ्सेबुङको विश्वास जित्न मुस्किल पर्ने किरात धर्म साहित्य उत्थान संघका अध्यक्ष डेकेन्द्रसिंह थेगिम बताउँछन् । यस क्षेत्रमा निर्वाचन आयोगले आगामी वैशाखमा उपनिर्वाचन गर्दा उपयुक्त हुने जनाएको छ । तर, आयोगले सरकारलाई मिति सिफारिस गरेको छैन । आयोगले सिफारिस गरेको मितिका आधारमा सरकारले उपनिर्वाचन घोषणा गर्नेछ ।


यस **एस.आर.ड्रग्स ल्याबोरोटोरीज प्रा.लि. काठमाडौं**बाट उत्पादित निम्नानुसारका औषधीहरूको आ.व. २०८०/०८१ को लागि बजार दररेट तथा बिक्री मुल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकार अर्न्तगतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधिकारिक बिक्रेता **मेगा मेडिसिन सप्लार्यस**, महेन्द्रनगर, कञ्चनपुर भ्याट नं. ६०१४२६९७५ बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ ।

E-mail:megamedicinesupplier@gmail.com मोवाइल नं.९८५८७८०८०१

| S.N. | Name of product | Unit | MRP |
|---|---|---|---|
| 1 | Ranitidine HCL 150mg | Tab | 2 |
| 2 | Amitripyline HCL IP 10mg | Tab | 2.4 |
| 3 | Amitripyline HCL IP 25mg | Tab | 3.8 |
| 4 | CO-Amozyclav 625mg | Tab | 50 |
| 5 | Amlodipine besylate 5mg | Tab | 5 |
| 6 | Aspirin 150mg | Tab | 2 |
| 7 | Aspirin 75mg | Tab | 1.2 |
| 8 | Atorvastatin 10mg | Tab | 10.78 |
| 9 | Azithromycin 250mg | Tab | 17.45 |
| 10 | Azithromycin 500mg | Tab | 30 |
| 11 | Atenolol 50mg | Tab | 3 |
| 12 | Ibuprofen 400mg+Paracetamol 325mg | Tab | 2 |
| 13 | Vitamin C Chewable | Tab | 6 |
| 14 | Chlopheniramine Maleate 4mg | Tab | 1.2 |
| 15 | Ciprofloxacin HCl 250mg | Tab | 5 |
| 16 | Ciprofloxacin HCl 500mg | Tab | 8 |
| 17 | Neomycin sulphate 0.5% clobetaso0.5% | Pcs | 75 |
| 18 | Clotrimazole 15gm | Pcs | 110 |
| 19 | Clove Oil 5ml | Pcs | 35 |
| 20 | Cloxacillin sodium 250mg | Cap | 6.5 |
| 21 | Cloxacillin sodium 500mg | Cap | 10 |
| 22 | Anticold | Tab | 3 |
| 23 | Fluconazole 150mg | Cap | 24 |
| 24 | Chlorhexidine Gluconate 3gm | Pcs | 28 |
| 25 | Cotrimoxazole 400m+80mg | Tab | 4 |
| 26 | Cotrimoxazole 800m+160mgmg | Tab | 5 |
| 27 | Cotrimoxazole 200mg+40mg,60mg | Pcs | 36 |
| 28 | Calamine Lotion 15%,60ml | Pcs | 70 |
| 29 | Diclofenac diethylamine 1%w/w,30gm | Pcs | 150 |
| 30 | Diclofenac sodium 50mg | Tab | 3 |
| 31 | Acefclofenac 100mg | Tab | 4.5 |
| 32 | Frusemide 40mg | Tab | 1 |
| 33 | Povidone Iodine 450ml | Pcs | 350 |
| 34 | Ferrous sulphate200mg elemental iron 60mg folic acid 0.04 | Tab | 3 |
| 35 | Hyoscine Butylbromide 10mg | Tab | 17 |
| 36 | Ibuprofen 200mg | Tab | 1.5 |
| 37 | Ibuprofen 400mg | Tab | 2 |
| 38 | Indomrthacin 25mg | Cap | 6 |
| 39 | Indomrthacin 50mg | Cap | 8 |
| 40 | Indomrthacin 754mg | Cap | 17 |
| 41 | Cefixime 100mg | Tab | 18 |
| 42 | Cefixime 200mg | Tab | 20 |
| 43 | Cefixime 50mg/6ml | Pcs | 140 |
| 44 | Metformin Hydrochloride 1000mg | Tab | 6 |
| 45 | Metformin Hydrochloride 500mg | Tab | 2 |
| 46 | Metformin Hydrochloridr 850mg | Tab | 3.5 |
| 47 | Metronidazole 200mg | Tab | 2 |
| 48 | Metronidazole 400mg | Tab | 3.5 |
| 49 | Metronidazole 100mg/5mlSusp,60ml | Pcs | 60 |
| 50 | Salbutamol 4mg | Tab | 2 |
| 51 | Amoxycillin250mg+Cloxacillin 250mg | Cap | 12 |
| 52 | Amoxycillin 125f DT | y | 3.5 |
| 53 | Amoxycillin 250mg | Tab | 5 |
| 54 | Amoxycillin 500mg | Cap | 8 |
| 55 | Amoxycillin 125mg.60ml | Pcs | 85 |
| 56 | Nimesulide 100mg | Tab | 3 |
| 57 | Omeprazole 20mg | Cap | 4 |
| 58 | Pantoprazole 40mg | Tab | 8 |
| 59 | Paracetamol 125mg,60ml\ | Pcs | 30 |
| 60 | Paracetamol 500mg | Tab | 1 |
| 61 | Ptomrthazine 25mg | Tab | 5 |
| 62 | Rectified spirit 450ml | Pcs | 300 |
| 63 | Cetirizine 5mg,60ml | Pcs | 70 |
| 64 | Cetirizine 10mg | Tab | 4 |
| 65 | Rosubastatin 10mg | Tab | 17 |
| 66 | Benzoic acid+salicylic acid 30gm | Pcs | 70 |
| 67 | Cetrimid+Gamma benzene hexacholoride100ml | Pcs | 100 |
| 68 | Silver sulphadizine 25gm | Pcs | 100 |
| 69 | Doxycyline 100mg | Cap | 6 |
| 70 | Tranexamic acid 500mg | Tab | 24 |
| 71 | Ampicillin Trihydrate 250mg+Cloxacillin sodium 250mg | Cap | 12 |
| 72 | Calcium Carbonate 500mg VitaminD3 250 | Tab | 5 |
| 73 | Vitamin B.Com | Tab | 3 |
| 74 | Albendazole 400mg,10ml | Pcs | 18 |
| 75 | Albendazole 400mg | Tab | 10 |
| 76 | Ofloxacin 200mg | Tab | 5 |
| 77 | Ofloxacin 400mg | Tab | 8 |
| 78 | Zinc Glucomate USP to Zinc 10mg | Tab | 3 |
| 79 | Zinc Glucomate USP to Zinc 20mg | Tab | 4 |
| 80 | Tinidazole 1000mg | Tab | 8 |
| 81 | Tinidazole 500mg | Tab | 5 |
| 82 | Gention Voilt 10ml | Pcs | 21 |
| 83 | Aciclovir BP 5% WW 5gm | Pcs | 70 |
| 84 | Paracetamol 125 mg+ Ibuprofen 100 mg | Pcs | 32 |



## मानिस हराएको सूचना

**नाम** : माइला सिंह ठकुरी
**ठेगाना** : हेटौडा, मकवानपुर
**उमेर** : ७१ वर्ष
**हराएको मिति** : २०८० भदौ २७ गते
**सम्पर्क नम्बर** : ९८०७१०४१४७/ ९८५५०७०७१३

उहाँलाई फेला पार्नुहुनेले नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनु हुन अनुरोध गरिन्छ ।





## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/०७ गते)

शेर बहादुर तामाङको छोरी, चितवन जिल्ला, भरतपूर महानगरपालिका वडा नं ०७ बस्ने श्री राम मायाँ तामाङको मिति २०८०/०४/१९ गते मृत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. २०७०२७९९६३१०००० १ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनि निज खातावालको श्रीमान कृष्ण बहादुर तामाङले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेपउपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दावी गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्तउपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय शहिदचोक, नारायणगढ सम्पर्क नं.-०५६ ५९८८३७



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी** : Ali Bin Hashem Bin Mohammed Al Hussein Contracting Est

पूर्व स्वीकृति मिति २०८०/६/४ LT. No. 292838 चलानी नं. ६०२०७८९०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 47 | 0 | 1000 | ३५०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी** : Ali Bin Hashem Bin Mohammed Al Hussein Contracting Est

पूर्व स्वीकृति मिति २०८०/६/४ LT. No. 292839 चलानी नं. ६०२०७८९१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 61 | 0 | 1000 | ३५०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १४ गते (1st Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Avion Human Resource Management Pvt. Ltd.**

AVION
श्रम ईजाजत नं. १५२४/०७४/७५

Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4499632, 4484744 Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# विद्यार्थीको भविष्यमा खेलवाड नगर

आफ्नो माग पूरा गराउन सडकमै उत्रने प्रवृत्ति मौलाउँदै गएको छ । राजनीतिक दलमात्र नभई विभिन्न पेसाकर्मी, व्यवसायी, कर्मचारी, विद्यार्थी तथा सर्वसाधारणले समेत सडक आन्दोलन, धर्ना, अनसनलाई आफ्नो माग पूरा गराउने माध्यम बनाउँदै आएका छन् । यसको पछिल्लो उदाहरण हो सामुदायिक विद्यालयका शिक्षकहरूको आन्दोलन । सरकारले संघीय संसद्मा दर्ता गरेको विद्यालय शिक्षासम्बन्धी विधेयकको विरोधमा देशभरका शिक्षकहरू काठमाडौंमा जम्मा भए र माइतीघर–बानेश्वर सडकमा प्रदर्शनमा उत्रिए । उनीहरू विद्यालय बन्द गरेर आन्दोलनमा होमिँदा ७० लाख विद्यार्थीको पढाइ प्रभावित बन्यो ।

त्यसो त सरकारले पनि सडकमा नआएसम्म माग सम्बोधन गर्न चासो नदिने प्रवृत्ति छ । जसले सानो माग सम्बोधन गराउनका लागि पनि सडक आन्दोलनमै आउनुपर्ने बाध्यता सिर्जना गरेको छ । यसरी आन्दोलित हुँदा सास्ती बेहोर्ने त सर्वसाधारण नै हुन् । सडकको दबाबपछि सरकारले वार्तामा बोलाउँछ र आन्दोलनरत पक्षसँग सहमति गर्छ । आन्दोलन हुनुअघि नै वार्तामा बोलाएर किन सहमति गर्न सक्दैन सरकार ? यो गम्भीर प्रश्न बनेको छ । आन्दोलनरत पक्षले पनि सडकमै उत्रनेभन्दा अन्य विकल्पबाट माग सम्बोधन गराउनेतर्फ ध्यान किन दिँदैन ?

शिक्षकहरू दुई दिनको प्रदर्शनपछि सरकारसँग वार्तामा बसे र सहमति गरेर घर फर्किए । शुक्रबार सिंहदरबारमा भएको वार्तामा छ बुँदे सहमति सहमति भएसँगै आन्दोलनको नेतृत्व गरेको नेपाल शिक्षक महासंघले आन्दोलनका सबै कार्यक्रम फिर्ता गरेको हो । तर, राहत शिक्षकहरूले भने आफ्नो माग सम्बोधन नभएको भन्दै आन्दोलन जारी राखेका छन् । उनीहरू शनिबार पनि प्रदर्शनमा उत्रिए । सरकारसँगको सहमतिमा राहत शिक्षकसँगै अन्यको पनि असन्तुष्टि देखिए । यद्यपि, मुख्य नेतृत्वकर्ता शिक्षक महासंघले नै आन्दोलनको कार्यक्रम फिर्ता गरेपछि शिक्षकहरू फर्किएका छन् ।

आन्दोलनले शिक्षकहरू आफ्नो माग पूरा गराउन त सफल भए । सोही आन्दोलनका कारण विद्यालय बन्द हुँदा विद्यार्थीमा परेको प्रभावको क्षतिपूर्ति अब होलान् ? भविष्यका कर्णधार विद्यार्थीहरूको जीवनमाथि खेलवाड गर्ने काम गुरुहरूबाटै हुने स्वीकार्य हुनै सक्दैन । विद्यालय जस्तो संवेदनशील क्षेत्रमा हुने यस्ता गतिविधि फेरि दोहोरिनु हुँदैन । विद्यालय नै बन्द गरेर आन्दोलनमा होमिने शिक्षकका कारण कलिला विद्यार्थीहरूमा पर्ने मनोवैज्ञानिक असरलाई बेवास्ता नगरियोस् । विद्यार्थीलाई भविष्यमा कस्तो मान्छे बनाउने भन्ने ठूलो हात शिक्षकको हुन्छ । त्यसैले आफ्नो दायित्व शिक्षकले भुल्नु हुँदैन ।

त्यसो त शिक्षकहरू मात्रै नभई सरकारले पनि यो विषयलाई गम्भीरताका साथ लिनुपर्छ । सरोकारवालासँग छलफल नगरी विधेयक अगाडि बढाउनुको परिणाम हो यो । त्यसैले शिक्षकसँग गरेको सहमति कार्यान्वयनमा सरकार गम्भीर बनोस् । विद्यार्थीहरूको भविष्यमा खेलवाड गर्ने कार्य फेरि नदोहोरियोस् ।

## मनन्योग्य

### चाणक्य नीति

समरोहको दिन नजिक आउन लाग्यो तर नगरमा समारोह हुने केही लक्षण नदेख चन्द्रगुप्त रिसाए । उनले तुरुन्तै एक मन्त्री बोलाई यसको कारण सोधे । मन्त्रीले डराउँदै भने-'गुरुदेव चाणक्यबाट यो समारोहको आयोजना नगराउने आदेश भयो ।'

चाणक्यले भने-'यो समाराहको उचित अवसर थिएन, अतः यो रोकिएको हो ।'

सभाले भरिएको दरबारमा रिसको आवेगमा आई चन्द्रगुप्तले भने-'राजाज्ञा उल्लंघन गर्ने तपाई को हो ?'

चन्द्रगुप्तका मुखबाट यस्तो वचन सुनी स्वाभिमानी ब्राह्मण चाणक्यले वनढडेलो जसतै रिसले फुकार्दै भने-'यो नभुल वत्स । राजा पनि तिमीलाई मैले नै बनाएको हुँ । तिमी राजाको धम्की मलाई दिन्छौं ? मलाई अपमानित गरेर तिमी चैनसँग बस्न सक्दैनौं ।

'यो धम्कीले डराउने चन्द्रगुप्त होइन, राजा म आफ्ना न भएको म तपाईलाई राजाज्ञा उल्लंघन र तर्कवितर्क गर्ने अपराध पदच्युत पनि गर्न सक्छ ।' चाणक्यले क्रोधले उम्लिदै गर्जेर भने- 'जसलाई मैले राजा बनाएँ । मलाई आज पदच्युत गर्ने धम्की दिँदैछ । पदच्युत हुने डर त्यसलाई हुन्छ । जो अधिकारको इच्छा राख्छ । यो लेऊ तिम्रो अधिकार भन्दै अधिकार चिह्न फ्याक्दै तीव्र गतिले दरबारदेखि बाहिर निस्के ।'

उता चाणक्य र चन्द्रगुप्तका बीचको मतभेदको सूचना शत्रुलाई पनि प्राप्त भयो । राक्षस यो अवसरको फाइदा लिन चाहन्थे ।

उनी कुमार मलयकेतुसहित आफ्ना अरू मित्र राजाहरूसँग युद्धको योजना बनाउन लागे यता राक्षस युद्धको योजनामा अलमलिए, उता चाणक्यको एउटा गुप्तचर मलयकेतुको राज्यमा पक्राउ पऱ्यो ।

पकडिनु के थियो, चाणक्यको योजनाअनुसार गुप्तचर आफै बन्दी बनेको थियो । उसलाई मलयकेतुका अगाडि लगियो, आँङ सबै खोतल्दा उसबाट एउटा पत्र पाइयो । पत्रमा राक्षसको हस्ताक्षर र राजमुद्राको छाप लागेको थियो । क्रमशः

# कौसीखेतीमा आकर्षण र चुनौती



▸▸ मिमलाल श्रेष्ठ

कौसीखेतीको प्रवर्द्धन, उत्पादन, व्यावसायीकरण र बजारीकरणको मुख्य लक्ष्यसहित विनियोजन गरिएको बजेट सदुपयोगमा ठूलो चुनौती देखिएको छ । प्रांगारिक कृषि आयोजना र रैथाने बाली आयोजनाको प्रवर्द्धन सरकारको उच्च प्राथमिकतामा रहनुपर्छ । तर, कौसीखेतीको हकमा विनियोजन गरिएको बजेटको प्रतिफल प्रोत्साहनयोग्य छैन । हालसम्म कौसीखेतीबाट भएको उत्पादनको तथ्यांक मूल्यांकन गर्ने हो भने सरकारी निकायबाट विनियोजन हुने बजेट बालुवामा पानी बराबर भएको छ । त्यसकारण पछिल्लो समय कौसीखेती कृषिमा बजेट दुरूपयोगको सबैभन्दा सजिलो विधा बनेको छ ।

बढ्दो सहरीकरणले मानव सभ्यतालाई साँघुरो बनाउँदै लगेको छ । मानिसले सामाजिक विकाससँगै खडा गरेका रीतिरिवाज, चालचलन, परम्परा आदि लोप हुँदै गएका छन् । यद्यपि मानव सभ्यतालाई साक्षात्कार गर्न पछि हटेको छैन । २१औं शताब्दीको बढ्दो सहरीकरणको चापलाई सामना गर्दै मानिसहरूले आफ्ना संस्कृति र सभ्यता जोगाइराख्ने विकल्प खोजिराखेका छन् । सहरीकरण बढेसँगै सहरमा प्रयोग हुने हरेक सामानको गुणस्तर र स्वस्थतामाथि प्रश्न र शंका उत्पन्न हुने क्रम बढ्दो छ । त्यसमाथि पनि सहरको भान्सामा प्रयोग हुने वस्तु र परिकारमा गुणस्तरको प्रश्न सबैभन्दा महत्त्वपूर्ण छ । त्यस्तै जलवायु परिवर्तनको असर, उर्वरभूमिको अतिक्रमणसँगै विश्वमा बढ्दै गएको खाद्यसंकट, खाद्यान्नको मूल्यवृद्धि र स्वादको बजारीकरण आज मानिसको जीविकोपार्जनको सबैभन्दा चुनौती बनेको छ । परिणामः सहरका मानिसहरू स्वस्थ खाद्यान्न र ताजा स्वादको खोजीमा कौसीखेतीमा आकर्षित हुँदै गएका छन् ।

सहरमा खेती गर्ने जग्गाको अभावमा मानिसहरूले दैनिक आवश्यक पर्ने वा उपभोग गर्नुपर्ने तरकारी, फलफूल र मसलाबाली आफ्नो घरको कौसी, बरण्डा र भित्तामा लगाउने संस्कृतिको विकास गरिरहेका छन् । घरको कौसी, बरण्डा र भित्ता आदि उपयोगमा नआएका ठाउँको सदुपयोग गरी कौसीखेती गर्नाले धेरै लाभ लिन सकिन्छ । यस्ता ठाउँमा विभिन्न बिरुवा रोप्दा गर्मीयाममा शीतलता र जाडोयाममा न्यानो प्रदान गर्दछ । इच्छाबमोजिमका तरकारी, फलफूल र बालीको उपभोग गर्न सकिन्छ । विषादीको प्रयोगबाट बच्दै फोहोरमैला व्यवस्थापन गर्न सहज हुन्छ । सहरी क्षेत्रमा हरियालीपन ल्याउन सहयोग गर्ने र घरको शोभासमेत बढाउँदछ । साथै, स्थानीय तथा घरमा खेर गइरहेको साधन, स्रोतको उपयोग हुने गर्दछ ।

कौसीखेती गर्न मानिसले आफ्नो घरको कौसी, छत, बरण्डा, घाम लाग्ने भित्ता बरण्डाको रेलिङ, सिडीको छेउ, घर कम्पाउण्डको पर्खाल आदिको प्रयोग गर्छन् । यस्ता ठाउँमा आरुबखडा, अंगुर, किवी, स्ट्राबेरी, अदुवा, बेसार, खुर्सानी, प्याज, लसुन, छ्यापी, धनिया, रायो, चम्सुर, स्वीसचार्ट, मेथी आदि उत्पादन गर्न सकिन्छ । त्यस्तै जिरीको साग, सिमरायो, लट्टे, बेथु, गोलभेडा, भण्टा, रामतोरिया (भिण्डी), भेडे खुर्सानी, काँक्रो, लौका, तीतेकरेला, घिरौला, इस्कुस, घिउ सिमी, तनेबोडी केराउ बकुल्ला आदि पनि उत्पादन गर्न सकिन्छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयअन्तर्गतको कृषि ज्ञान केन्द्र ललितपुरको तथ्यांकअनुसार काठमाडौं, ललितपुर र भक्तपुरमा करिब एक लाख छतमा कौसीखेती गर्न सकिन्छ । कौसीखेती गर्दा स्वच्छ तरकारी खान पाउनुका साथै घरको फोहोर व्यवस्थापन हुने र पैसासमेत बच्ने उद्देश्यका साथ सरकारलगायत विभिन्न निकायले कौसीखेतीमा करोडौं बजेट लगानी गरेका छन् । पछिल्लो समय स्थानीय सरकारले पनि कौसीखेतीलाई प्राथामिकता दिएको छ । कृषि ज्ञान केन्द्रले प्रांगारिक कौसीखेतीका लागिमात्र दुई करोड रूपैयाँ छुटचाएको छ । चालु आर्थिक वर्षमा ज्ञान केन्द्रले कौसीखेतीसँग सम्बन्धित विभिन्न कार्यक्रमका लागि करिब ११ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । चालु आर्थिक वर्षमा काठमाडौंमा चिया, कफी, फलफूल, पुष्प र तरकारी उत्पादन वृद्धि गर्ने कार्यक्रमका लागि तीन करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । त्यस्तै सो कार्यक्रमअन्तर्गत किसानलाई ५० प्रतिशत अनुदान दिने व्यवस्था पनि छ । यसैगरी, प्रांगारिक कौसीखेतीका लागि दुई करोड र एक निर्वाचन क्षेत्र एक मोर्डन कृषि फार्म कार्यक्रमका लागि तीन करोड १५ लाख रूपैयाँ बजेट छुटचाइएको छ । ज्ञान केन्द्रले कृषकलाई पहिलो वर्ष ८० प्रतिशत, दोस्रो वर्ष ५० प्रतिशत र तेस्रो वर्ष ४० प्रतिशत अनुदान दिने योजना अघि सारेको छ । केन्द्रले कृषि विकासका लागि विभिन्न कृषि परियोजना सञ्चालन गरिरहेको छ । प्रांगारिक कृषि आयोजना, रैथाने बाली आयोजना, प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना, कृषि यान्त्रिकीकरण आयोजनालगायतका कार्यक्रम सञ्चालन गर्नको निम्ति करोडौं बजेट विनियोजन गरिएको छ ।

### कौसीखेतीका चुनौती

कौसीखेतीको प्रवर्द्धन, उत्पादन, व्यावसायीकरण र बजारीकरणको मुख्य लक्ष्यसहित विनियोजन गरिएको बजेट सदुपयोगमा ठूलो चुनौती देखिएको छ । प्रांगारिक कृषि आयोजना र रैथाने बाली आयोजनाको प्रवर्द्धन सरकारको उच्च प्राथमिकतामा रहनुपर्छ । तर, कौसीखेतीको हकमा विनियोजन गरिएको बजेटको प्रतिफल प्रोत्साहनयोग्य छैन । हालसम्म कौसीखेतीबाट भएको उत्पादनको तथ्यांक मूल्यांकन गर्ने हो भने सरकारी निकायबाट विनियोजन हुने बजेट बालुवामा पानी बराबर भएको छ । त्यसकारण पछिल्लो समय कौसीखेती कृषिमा बजेट दुरूपयोगको सबैभन्दा सजिलो विधा बनेको छ ।

सदुपयोगमा आउन बाँकी घरका विभिन्न खाली ठाउँलाई फुर्सदको समयमा हामीले कृषिजन्य उत्पादनको निम्ति प्रयोग गर्न सक्छौं । त्यसको निम्ति जमिनको ठूलो हिस्सा र औपचारिक समयको जरुरत पर्दैन । साथै ठूलो पुँजी पनि आवश्यक छैन । खुत्रुके बचतबाट कौसीखेती सुरु गर्न सकिन्छ । यो मानौं मनुष्यको अनौपचारिक सोख हो । जिन्दगीलाई बिरुवासँगको मित्रताबाट दिग्दार समयलाई रोमाञ्चकारी बनाउने प्राकृतिक कला हो । यो पानीको फोकाजस्तै सोख हो । कौसीखेतीले कृषकलाई व्यावसायिक गन्तव्यमा पुऱ्याउने सामर्थ्य राख्दैन । न त पूर्णरूपमा आत्मनिर्भर नै बनाउँछ । प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना र कृषि यान्त्रिकीकरण आयोजनाको तुलनामा प्रांगारिक कृषि आयोजना सबैभन्दा सस्तो, सहज र असुरक्षित आयोजना हो । त्यसकारण कौसीखेती व्यावसायिक लक्ष्यभन्दा सोखमा निर्भर हुने खेती भएकाले हाम्रो जस्तो गरिब देशको सरकारले ठूलो रकम यो क्षेत्रका लागि विनियोजन गर्नु सान्दर्भिक हुँदैन । र, स्वयं कृषकले पनि कौसीखेती प्रबर्द्धन, व्यावसायीकरण र बजारीकरणका निम्ति सरकारी बजेटमाथि गिद्देनगर लाउनु सबैभन्दा लज्जाको विषय हो । सरकारी बजेटको माग गर्नेले त्यसको प्रतिउत्पादनको प्रमाणीकरण पनि गर्नुपर्छ । त्यस्तै, कौसीखेतीमा बजेट पोख्ने निकायले पनि व्यावसायिक सुनिश्चितताको औचित्य पुष्टि गर्न सक्नुपर्छ ।

कौसीखेतीमा विनियोजन गर्ने बजेट कुनै ठोस उत्पादन हुने क्षेत्रमा लगानी गर्ने हो भने त्यसको परिणाम पक्कै पनि अनुकरणीय हुन्छ । व्यावसायिक कृषि उत्पादनमा गरेको लगानीले नागरिकलाई आत्मनिर्भर बनाउँछ । आजभोलि सहरभन्दा बाहिर उर्वरभूमि खाली भएर सदुपयोग हुनबाट वञ्चित हुने क्रम बढ्दो छ । त्यो ठाउँमा बजेटको सदुपयोग, कृषि उत्पादनमा वैज्ञानिकीकरण र कृषकमा कृषि ज्ञानको सचेतनाको सन्तुलन हुने हो भने कसैको घरको कौसीमात्र होइन सिंगो मुलुक कृषिमा नमूना बन्ने थियो ।

सहर त्यसै पनि किनेर खाने ठाउँ भएकाले सहरमा कौसीखेती आफैंमा चुनौतीपूर्ण छ । यो खेती मूलतः गृहिणीमा निर्भर हुन्छ । एउटा सिंगो परिवार यस खेतीबाट निश्चित मौषमबाहेक वर्षभरि पूर्णरूपमा लाभान्वित हुन सक्दैन । त्यसकारण कृषिको विकल्प कौसीखेती हुन सक्दैन । तरकारीमा आत्मनिर्भर बनाउन कौसीखेती अभियान कोही कतैबाट परिचालित हुन्छ भने त्यो आफैंमा स्वार्थपूर्ण हुन्छ । कौसीखेतीको व्यावसायीकरण र प्रवर्द्धनमा खर्च गरिने बजेट आफैंमा दुरूपयोग हो । कौसीखेतीमा गरिने बजेटको प्रतिफलको रूपमा यसको उत्पादन ज्यादै निराशाजनक हुन्छ । कौसीखेतीबाट उत्पादित सामग्रीमा एउटा परिवारसमेत आत्मनिर्भर बन्न सक्दैन भने उसले उत्पादित सामग्रीलाई व्यापारीकरणको माध्यमबाट आम्दानी वृद्धि गर्न सक्छ भनेर कसरी लगानी बढाउन सकिन्छ ? सम्बन्धित निकाय वा अनेक संघसंस्थाले यसको श्रीवृद्धि र सांस्कृतिक लयलाई स्थापित गराउनका निम्ति धेरैपटक आर्थिक, भौतिक, प्राविधिक अनुदान प्रदान गरिसकेका छन् । तर, यसको प्रतिफलको लेखाजोखा कसैसँग छैन । उत्पादनको ग्यारेण्टी र लेखाजोखामा पारदर्शी नहुनु भनेको बजेटको दुरूपयोग हो ।

पक्कै पनि पछिल्लो समय सहरमा कौसीखेतीको आकर्षण बढेको छ । तर, धेरै मानिसहरू यो खेतीमा सोखबाट प्रेरित छन् । फुर्सदको समय सदुपयोग गर्नेबाहेक उनीहरूमा उत्पादनमा दीर्घकालीन लक्ष्य हुँदैन, त्यो सम्भव हुने पनि होइन । सफलता र असफलताको कुनै चुनौती सामना गर्दैनन् । यो खेती न त कुनै प्रतिस्पर्धाबाट निर्देशित हुन्छ न त सामूहिक सुदृढीकरणको लक्ष्यबाट अनुबन्धित । मात्र हाम्रो प्राचीन सभ्यता र क्रियाकलापलाई साक्षात्कार गर्ने प्रयास हो । कृषि कला र संस्कृति पुस्तान्तरणको अभ्यास हो ।

त्यसैले कौसीखेतीको व्यावसायीकरण, बजारीकरण, प्रवर्द्धन र उत्पादनमा खर्चिने बजेट कृषिको आधुनिकीकरण र उत्पादन क्षमता वृद्धिमा लगानी गरौं । मुलुकलाई कृषिमा आत्मनिर्भर बनाऔं । कृषि संस्कृतिको संरक्षण गरौं ।

## पत्र–मञ्जुषा

# उत्पादनमूलक शिक्षाको जग बनोस् शिक्षा विधेयक

प्राचीनकालदेखि नै नेपालमा गुरुकूल शिक्षा प्रचलनमा थियो । त्यसको प्रक्रियाको रूपमा हाल सञ्चालन भइरहेको शिक्षाबाट बालबालिकामा शारीरिक, मानसिक तथा सामाजिक गुणको विकासलाई प्राथमिकता दिइन्छ । घर परिवारको ऐस आरामबाट मुक्त भई साधारण जीवनयापनका लागि गुरुको सानिध्यतामा प्रस्तुत गरिने शिक्षामा नयाँ प्रविधिको प्रवेशले त्यसैमा झुण्डिने एकोहोरो तथा असामाजिक व्यवहार गर्ने प्रकारको शिक्षा नयाँ पुस्तामा पाइन्छ ।

शिक्षामा सबैको पहुँच पुऱ्याउने लक्ष्य विभिन्न सरकारले आ-आफ्नो शासन व्यवस्थामा राखेकै हुन्छ । सोहीअनुरूप शिक्षा निःशुल्क हुनुपर्छ । राणाकालको अन्त्यसँगै संघीय व्यवस्था आएको दुई दशक पुग्न लाग्दासमेत जीवनोपयोगी र उत्पादनमूलक शिक्षाभन्दा रोजगारी तथा नाफाका लागि विद्यालय खोल्ने प्रवृत्तिले देश र समाजको परम्परा तथा संस्कृतिमा क्षयीकरण आएको छ ।

विद्यार्थीलाई अत्यावश्यक ज्ञान र सीप दिनुभन्दा व्यवस्था परिवर्तनसँगै विदेशी सहयोग र अनुदानका लागि शैक्षिक नीति तथा योजना परिवर्तनले प्रमाणपत्रधारी शिक्षक तथा शिक्षाका प्रशासकहरू गैरजिम्मेवार हुँदै आएका छन् । देशमा उपलब्ध कृषि, पशुपक्षी, जडीबुटी, पर्यटन, जलविद्युत् तथा विविध खानीहरूको औद्योगिक क्षेत्रमा आवश्यक जनशक्ति तथा कच्चा स्रोत साधनको उत्खनन गर्ने सोच नहुँदा आयातमुखी बनाइरहेको छ नेपाललाई ।

नेपालमा उपलब्ध सीपहरूलाई समयानुकूल आधुनिकीकरण गर्दै शिक्षामा व्यावसायिकताको थालनी गरेमा शिक्षाको राष्ट्रिय उद्देश्यलाई सार्थक पार्न सक्छ । आजको शिक्षा खस्कनुमा राजनीतिक हस्तक्षेप प्रमुख भएता पनि विद्यालयका लागि आवश्यक जनशक्ति उत्पादनको व्यावहारिक क्षेत्र शिक्षाशास्त्रको योग्य सक्षमलाई भन्दा आफ्नो निकटता तथा न्यूनतम विषय पढाउन सक्ने आधार बनाएर अन्य क्षेत्रकालाई सहजै प्रवेश तथा प्रोत्साहन गरिदिने परिपाटी बसेको छ ।

सरकारी र सामुदायिक विद्यालयले निजी विद्यालयको नक्कल गरेर टाई, सर्ट तथा पाइन्टको अनिवार्यता गरेर शिक्षामा व्यापारीकरण प्रवेश गराएको छ, जसले नेपाली र स्थानीय भाषाको मोह घरघरबाट भंग भएको छ । नेपालको शिक्षा तथा जनशक्ति विदेशमा सस्तो ज्यामीको रूपमा पलायन हुने क्रम बढ्दो छ ।

सूचना प्रविधिको प्रयोगले शिक्षामा प्रवेश पाएता पनि देशको माटो सुहाउँदो जनशक्ति उत्पादनमा सरकार र प्राध्यापकहरूको ध्यान गएको छैन । विश्वव्यापीकरणको नाममा आँगनमै फलेको अन्न फलफूल सागपात टिप्नुभन्दा अनलाइनबाट धुलोमाटो नछोई ऐस आरामको जीवन जिउने समाजको विकास भएको छ ।

देशको सीमा मिच्दा, राष्ट्रियता संकटमा पर्ने एमसिसी परियोजना, नागरिकता विधेयक तथा राष्ट्रघाती सन्धि सम्झौतामा सरकारलाई शिक्षकले सचेत र सजग गराउने दायित्व वहन गरेका छैनन् । तर, अन्तिम आन्दोलनको नाममा ७० लाखभन्दा बढी विद्यार्थीको पढ्न पाउने अधिकारलाई कुण्ठित गरी भविष्यका नयाँ पुस्तामाथि आफ्नो स्वार्थ लाद्न खोजेको प्रस्ट हुन्छ ।

विद्यालयमा अध्यापनरत शिक्षकहरू नै राजतन्त्र समाप्त भएको दुईदशक बित्न लाग्दासमेत समयानुकूल, उत्पादनमूलक तथा जीवनोपयोगी शिक्षा विद्यार्थीहरूलाई दिनुभन्दा आफ्नो रोजगारीको स्थायी सुनिश्चिततासँगै जीवनभर सेवासुविधाको रूपमा पेन्सन तथा निवृत्तिभरणको सुविधाको माग राखी शिक्षा विधेयकमा आफ्नो माग सम्बोधन गराउन आन्दोलन गरिरहेका छन् ।

शिक्षा विधेयकमा शिक्षकको सेवासुविधा तथा नियुक्ति, सरुवा बढुवा एवं पेन्सन, निवृत्तिभरणलाई प्रमुख प्राथमिकतामा राखी शिक्षक आन्दोलित हुँदा नयाँ पुस्ता आमाबुबा, छरछिमेक तथा आफन्तहरूसँग हाँसीखुसी बसेर देशको समृद्धिमा हातेमालो गर्दै लैजाने उत्पादनमूलक शिक्षाको आवश्यकता किन महसुस गर्न सकेनन् ?

यसर्थ शिक्षा विधेयकलाई समस्त विद्यार्थीहरूको भविष्य देशमै सुनिश्चित गरी समृद्ध देश बनाउन शिक्षक अभिभावक तथा शिक्षाविद् नीति निर्माताहरूको बृहत् छलफलको माध्यमबाट उत्पादनमूलक शिक्षाको जग तयार गर्ने आधार बनाउन आवश्यक छ ।

**– सत्यराम कासिछ्वा**
**सूर्यमढी–९, भक्तपुर**

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# पूर्वाधारमा फड्को मार्दै महाभारत गाउँपालिका

■ पेमा लामा



**धुलिखेल–** नागरिकले प्रत्यक्षरूपमा अनुभूति गर्न पाउने गरी परिवर्तन हुन्छ भन्ने आशा सायद यहाँका अघिल्लो पुस्ताका नागरिकमा थिएन । तर, संघीयतापछि काभ्रेपलाञ्चोकको विकट डाँडापारिस्थित महाभारत गाउँपालिकाका नागरिकलाई दैनिक हातमुख जोड्नका लागि पाखापखेरी खनीखोस्री गरेर उब्जाउ गरेको अन्नपात र वस्तुभाउ घरगोठ भरी राखेर नुन, तेल र मरमसला किन्नका लागि घटौंको बाटो हिँड्नुपर्ने बाध्यता विस्तारै दूर हुँदै गएको छ ।

विगतमा यहाँका बासिन्दाका लागि उत्पादन गरेको कृषिजन्य वस्तुको बिक्री तथा आङ छोप्न आवश्यक पर्ने लत्ताकपडा खरिद गर्न एक/दुई दिनको पैदल यात्रापछि मात्रै मुख्य सहर र जिल्ला सदरमुकाम पुग्नुपर्ने बाध्यता थियो । अहिले स्थानीय तहको नेतृत्वमा युवा जनशक्तिले विकासको बागडोर सम्हालेपछि जिल्लाको विकट क्षेत्र डाँडापारिको महाभारत गाउँपालिकाको बल्ल मुहार फेर्दै गएको हो । यसअघि केही अन्तर्राष्ट्रिय दातृ निकायको सहयोगमा सामाजिक संस्थामार्फत शौचालय, पैदलयात्रीका लागि सिँढी निर्माण, खानेपानी धारा र झोलुंगे पुललगायतका एक टोलदेखि अर्को गाउँसम्म जाने सुविधामात्रै उपभोग गर्दै आएका यहाँका नागरिकका लागि विद्युतीकरणमा केन्द्रीय प्रसारणलाइन र पक्की मोटरबाटोले गाउँदेखि सहरसम्म जोड्ने कार्यको थालनीसँगै नयाँ मुहार फेर्नुका साथै सुविधासमेत उपभोग गर्दै आएको स्थानीय बासिन्दा बताउँछन् । पछिल्लो समयमा भने सञ्चारको सहज पहुँचसँगै सडक सञ्जालको पहुँच, 'एक घर, एक खानेपानी'सहितको धारा र केन्द्रीय विद्युत् प्रसारणलाइनको विद्युतीकरण यहाँको नागरिकका लागि प्रत्यक्ष अनुभूति हुने विकासका आधारहरू भएको उनीहरूको भनाइ छ ।

नेकपा माओवादी केन्द्रका महाभारत गाउँपालिका कमिटी इन्चार्ज एवं स्थानीयवासी सुजन तामाङले संघीय संरचनामा गएपछिको पहिलो पाँच वर्ष र अहिलेको दोस्रो कार्यकालको सुरुआतसम्म आइपुग्दा डाँडापारिका नागरिकले प्रत्यक्ष अनुभूति हुने खालको विकास आयोजना महसुस हुनेगरी उपभोग गर्न पाएको बताए । 'पहिला हामीले भूगोलले विकासलाई छेक्न सकिँदैन, इच्छाशक्ति र त्यसको सही नेतृत्व पाउने अवस्थामा गाउँघरको मुहार फेर्न सकिने विचार र योजना जनतालाई सुनाएका थियौं, अहिले त्यही अनुसारको काम गरेर परिणाम देखाइरहेका छौं,' उनले भने, 'त्यो हाम्रो सपना थियो, अहिले विपनामा परिणत गरेर नागरिकको जीवनस्तरमा परिवर्तन हुने खालको काममा सहयोग पुऱ्याइरहेका छौं ।'

गाउँको विकास निर्माण र नागरिकको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने आयोजना बल्ल सुरु भएको महाभारत गाउँपालिका-५ का पूर्ववडाध्यक्ष रविन मोक्तानले बताए । 'महाभारत, रोशी, खानीखोलालगायतका पालिका एवं जिल्लाकै लागि बहुप्रतिक्षित आयोजना निर्माणमा महाभारत गाउँपालिका अनि जिल्लास्थित कार्यालयको समन्वयमा जुट्दै अघि बढेको छ,' उनले भने, 'अझ धेरै नयाँ विकाय आयोजनाका लागि संघ, प्रदेश र स्थानीय सरकार यसरी नै आवश्यक सहयोग र समन्वय गरेर अगाडि बढ्न आवश्यक छ ।'

महाभारत गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले जनतालाई प्रत्यक्ष अनुभूति हुने खालको योजना बोकेर अगाडि बढिरहेको बताए । पछिल्लो समयमा दोस्रो चरणको पक्की सडकखण्ड निर्माणका लागि आवश्यक सहयोग र समन्वयमा खटिरहेको उनले बताए । 'हामी निरन्तर काममा नै लागिरहेको छौं,' उनले भने, 'मिसन २०८४ मात्रै होइन, बिपी राजमार्गदेखि मदन भण्डारी लोकमार्ग जोड्ने भूमिचुली-चारकिल्ला-देवीटार-घर्तिछाप-गोकुले-भोर्लेनी सडक (जनमुक्ति मार्ग)को निर्माण गर्नुछ ।' उनका अनुसार महाभारत गाउँपालिकाको तीनखुट्टे-भूमिचुली-राजबास खण्डको १७ किलोमिटर सडकका लागि करिब ९८ करोड रूपैयाँ विनियोजन भएकामा ६० करोड ९७ लाख रूपैयाँको हाराहारीमा सन्तोषी धर्म एस हरिहरि जेभीले आगामी २०८२ साल कात्तिकसम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएर ढलान तथा कालोपत्रेसमेतको कार्यलाई छिट्टै निर्माण कार्य अगाडि बढाइने भएको छ ।

यसअघि पालिकाको तीनखुट्टे-देवीटार सडकखण्डको आठ किलोमिटरमध्ये केही भाग कालोपत्रे भइरहेको र बाँकी काम निरन्तर रहेको छ भने केन्द्रीय प्रसारणलाइनमार्फत विद्युतीकरणका लागि केही वडाहरूमा बत्ती बालिसकेको र बाँकी वडाहरूमा काम द्रूतगतिमा भइरहेको गाउँपालिकाले जनाएको छ । त्यस्तै पक्की सडक सञ्जालले नछोएको डाँडापारिका गर्भवती र सुत्केरीका बेलामा महिलालाई हुने जटिलतामा नयाँ जीवन दिनका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हेलिकप्टरबाट उद्धार गर्ने कार्य प्रशंसनीय बनेको छ । एक घर एक खानेपानी धाराअन्तर्गत वडा ६ र ५ मा आयोजना सम्पन्न भइसकेको र वडा नं. १ र २ मा निर्माणाधीन अवस्थामा रहेको छ । नागरिकको आर्थिक विकासका लागि कृषि उत्पादनमा सहयोगअन्तर्गत आव २०७९/८० मा मात्रै करिब एक लाख कफीको बिरुवा रोप्ने काम भएको गाउँपालिका अध्यक्ष जिम्बाले बताए । *रासस*


यस **एभरेष्ट मेड प्रा.लि.** काठमाडौंबाट उत्पादित तथा आयातित निम्नानुसारका सर्जिकल सामग्रीको आ.व. २०८०/०८१ को लागि बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी सर्जिकल सामग्रीहरू कुनै संघसंस्था वा नेपाल सरकार अर्न्तगतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधिकारिक बिक्रेता **मेगा मेडिसिन सप्लायर्स**, महेन्द्रनगर, कञ्चनपुर भ्याट नं. ६०१४२६९७५ बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ ।

E-mail:megamedicinesupplier@gmail.com मोवाइल नं. ९८५८७८०८०१

| S.N. | Name of item | Unit | MRP |
|---|---|---|---|
| 1. | Bandage than | Pcs | 420 |
| 2. | Gauze than | Pcs | 430 |
| 3. | Syringe 3ml | Pcs | 4 |
| 4. | Syringe 5ml | Pcs | 5 |
| 5. | Syringe 10ml | Pcs | 8 |
| 6. | Syringe 20ml | Pcs | 18 |
| 7. | I.V set | Pcs | 30 |
| 8. | I.V canaula | Pcs | 30 |
| 9. | Urine Bag | Pcs | 60 |
| 10. | Cotton 400gm | Pcs | 250 |
| 11. | Adhesiv tape | Pcs | 250 |
| 12. | Surgical Blade | Pcs | 10 |
| 13. | Rubber catherter | Pcs | 25 |
| 14. | Suture setl | Pcs | 8 |
| 15. | Suture Needil | Pcs | 50 |
| 16. | Surgical Gloves | pair | 30 |
| 17. | Exadmination Gloves | Box | 800 |
| 18. | Folley catheter | Pcs | 60 |
| 19. | Cord clamp | pcs | 10 |

**नोट : सर्जिकल सामग्रीहरूमा मुल्य अभिवृद्धि कर अतिरिक्त लाग्नेछ ।**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ROLL WINDING FOOD SERVICES EST.**

पूर्व स्वीकृति मिति : २०८०/०५/२४ | LT. No. 292212 | चलानी नं. ६०२०८०२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1500 | ५३०३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Labor | 1 | 0 | 1200 | ४२४३० | | | | | | | |

कम्पनी : **SHATHA ROASTING CAFE TO SERVE DRINKS**

पूर्व स्वीकृति मिति : २०८०/०६/04 | LT. No. 292859 | चलानी नं. ६०२०८०२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 1 | 0 | 1000 | ३५३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **SHATHA ROASTING INDUSTRY FACTORY**

पूर्व स्वीकृति मिति : २०८०/०६/04 | LT. No. 292858 | चलानी नं. ६०२०८०२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Labor | 2 | 0 | 1000 | ३५३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **GROUP OF FOUR MEN TO SERVE DRINKS**

पूर्व स्वीकृति मिति : २०८०/०६/04 | LT. No. 292861 | चलानी नं. ६०२०८०२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labor | 1 | 0 | 1000 | ३५३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १४ गते (1st Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:**१०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**

श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


# मुलुकका लागि विकास पहिलो सर्त : राष्ट्रपति




■ प्रभाव संवाददाता

**दमौली–** राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकको विकास र समृद्धिका लागि आफू निरन्तर लागिपर्ने बताएका छन् । दलीय राजनीतिमा नलाग्ने भन्दै उनले विकास र सुशासनका लागि सदैव सक्रिय रहने बताए ।

तनहुँको व्यास नगरपालिका-३ बिपी वनवाटिकामा निर्माण गरिएको दमौली सभागृहको शनिबार उद्घाटन गर्दै राष्ट्रपति पौडेलले विकासका कारण मुलुक पछाडि परेकाले विकासबाट हात नझिक्ने बताए । राष्ट्रपति पौडेलले भने, 'देशलाई विकास चाहिएको छ, देश पछाडि परेको छ । विकासका लागि म जहाँ पनि बोल्छु, सबैलाई सचेत गराउँछु ।' सुशासन र विकासका लागि सचेत गराउनु आफ्नो जिम्मेवारी रहेको बताउँदै राष्ट्रपति पौडेलले मुलुकका लागि विकास नै पहिलो सर्त रहेको उल्लेख गरे ।

संविधानको रक्षा गर्नु सबैको दायित्व रहेको बताउँदै राष्ट्रपति पौडेलले स्थायित्व र सुशासनबाट विकास सम्भव रहेको उल्लेख गरे । उनले भने, 'परिवर्तनको रक्षा गर्ने मेरो जिम्मेवारी हो । संविधानको रक्षक भएका नाताले मेरो कदम त्यसतर्फ हुनेछ ।' सबै धर्म र जातजातिको सम्मान गर्नुपर्ने बताउँदै राष्ट्रपति पौडेलले देशलाई बलियो बनाउनेतर्फ लाग्न सबैलाई आग्रह गरे । व्यवस्था बदलिए पनि अवस्था नबदलिएको भन्दै राष्ट्रपति पौडेलले पदमा पुग्नेहरूले देशको हितमा काम गर्नुपर्नेमा जोड दिए ।

उनले निमुखा जनताले न्याय पाउनुपर्ने र विपन्नलाई आय चाहिएको भनाइ राखे । सबै राजनीतिक दल मिलेर एकाआपसमा सहकार्य गरी काम गर्नुपर्ने बताउँदै राष्ट्रपति पौडेलले दलहरू मिले मात्रै मुलुक बलियो बन्ने धारणा राख्नुभयो । उनले भने, 'दुई ठूला देशका बीचमा रहेको नेपाललाई एकताको बाटोमा हिँडाउनुपर्छ । सबै दल मिलेमात्रै देश बलियो हुन्छ ।'

सो अवसरमा सहरी विकासमन्त्री सीता गुरुङले सरकारले पूर्वाधार निर्माणलाई प्राथमिकता दिएको उल्लेख गरिन् । गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले सबै दलको एकताबाट मात्रै विकास सम्भव रहेको बताए ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सीमित स्रोत र साधनबाट पूर्वाधार विकासमा जोड दिइएको बताए । यो देशमा केही हुन सक्दैन भन्ने भाष्य स्थापित गर्न खोजिएको बताउँदै उनले नैराश्यताको फाइदा उठाएर गलत काम गर्नेहरूलाई परास्त गर्नुपर्नेमा जोड दिए ।

सहरी विकास मन्त्रालयको २३ करोड ६२ लाख रूपैयाँको लागतमा दमौली सभागृह निर्माण भएको मन्त्रालयका सचिव रवीन्द्रमान श्रेष्ठले जानकारी दिए । २०७४ माघ २८ गतेदेखि निर्माण सुरु भएको भवन कोरोना महामारीका कारण ढिलागरी निर्माण सम्पन्न भएको हो ।

सभागृहमा ५९३ जन अट्ने क्षमता रहेको जानकारी दिइएको छ । सभागृहको बेस ग्राउण्डमा २० वटा कार तथा ७० वटा मोटरसाइकल पार्किङ गर्न सकिनेछ । भवनमा मुख्य सभाहलबाहेक १५० जना क्षमताको सेमिनार हल निर्माण भएको छ ।


Government of Nepal (GoN)

**Shree Narayan Secondary School,**

Keshargunj, Ishworpur, Sarlahi,

Madhesh Province

**Invitation for Online Bids**

First Date of publication: 2080/06/07(24 Sep 2023)

1. Shree Narayan Secondary School, Keshargunj, Ishworpur Sarlahi invites electronic bids from eligible bidders under National Competitive Bidding procedures. Bidding is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may visit PPMO e-GP system www.bolpatra.gov.np/egp for detailed information regarding the project.
3. **The details of project are as following :**

| S.N. | Contract No | Description Of Work | Bid Security Amount (Nrs.) | Bid Validity Period | Bid Docu-ment Cost (Nrs.) | Last Date and Time of Bid Submission | Estimated Cost (With VAT and PS) | Bank Details |
|---|---|---|---|---|---|---|---|---|
| 1. | SNSS/ NCB/ Works/ 01/080/081 | Construction of Incom-plete School Building | 3,50,000 | 90 Days | 3,000 | 2080/07/10 (12:00 Noon) | 1,35,00,000 | Name of Office: Shree Narayan Uchaa Ma.Vi., Keshargunj, Sarlahi,, Name of Bank: : Nepal Bank Limited, Malangwa, Sarlahi Account No. 02900101211449000001 |

**The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.**

4. Bidders are advised to submit the documents required for the submission of bid compulsorily as asked in bid document in proper formats. Failure to do so may result in rejection of the bid. The bidder must clearly quote the contract name and contract number in Bid security form (Bank guarantee) otherwise will cause disqualification of Bidder.

# प्रभाव दैनिक

आइतबार, ७ असोज २०८० (Sunday, September 24, 2023)


रूपशाला

## निर्माण र अभिनयपछि फिल्म निर्देशन गर्दै किरण

अभिनयको सफलतापछि फिल्म निर्माणमा देखिएका थुप्रै कलाकार छन् नेपाली फिल्म क्षेत्रमा । किरण नेपाली भने निर्माणको सफलतापछि अभिनेता बनेका हुन् । प्रदर्शनको तयारीमा रहेको फिल्म 'नम्बरी सुनमा' अभिनेताको रूपमा देखिन लागेका छन् किरण । राजु गिरीको निर्देशन रहेको फिल्म आगामी कात्तिकमा प्रदर्शनमा आउने तयारीमा छ । फिल्म निर्माणको काम भने उनले दशक अगाडि फिल्म 'डोली'बाट थालेका हुन् । केही नौलो र फरक काम गर्ने उद्देश्य लिएर निर्माणमा पाइला चालेका उनले 'डोली'पछि 'लभ डे', 'पोइ पर्यो काले', 'दुई नम्बरी' र 'हात्ती छापा' गरेर ५ फिल्म बनाइसकेका छन् । यीमध्ये 'पोइ पर्यो काले' र 'दुई नम्बरी' व्यवसायिक रूपमा सफल मानिन्छ । 'हात्तीछापा' भने प्रदर्शनमा आउँन बाँकी छ ।



# चुनौती मोलेर 'परदेशी–२' अभिनय गरेँ : प्रकाश सपुत




■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ लोकगायक तथा फिल्म निर्माता, निर्देशक नारायण रायमाझीले फिल्म 'परदेशी २' विदेशमा पढ्न जाने विद्यार्थीहरूको कथा बनेको बताए । शुक्रवार चितवनका पत्रकारहरूमाझ कलाकार सहित उपस्थित उनले फिल्म सबैले हेर्नुपर्ने बनेको दाबी गरे ।

'परदेशी' र 'परदेशी २' को कथा भन्ने शैली एकै भएता पनि कथावस्तु बिल्कुलै फरक रहेको छ' उनले भने- 'फिल्मको कथाले हरेक उच्च शिक्षाका लागि परदेशीने नेपालीको विदेश भोगाइलाई दुरुस्तै उतारेको छ । जुन अहिलेसम्म फिल्ममा नआएको विषय हो ।' रायमाझीले यस अगाडि दुई फिल्म 'गोर्खा पल्टन' र 'परदेशी' हिट दिएका छन् । यो फिल्म पनि दर्शकले रुचाउनेमा आफू ढुक्क रहेको उनले सुनाए ।

कार्यक्रममा गायक तथा फिल्मका नायक प्रकाश सपुतले चलचित्रको कथा भन्ने शैली र कथावस्तु अत्यन्तै सरल रहेकोले आफू जोडिएको बताए । गीत संगीत गर्नु र चलचित्र गर्नु विल्कुलै फरक रहेको र 'परदेशी २' मा जोडिँदा चुनौती नै मोलेर आबद्ध भएको उनको भनाई थियो ।

'नारायण सर र म गीत संगीत कै भएकाले काम गर्न त्यति असहज भएन' सपुतले थपे । फिल्ममा आफूले एउटा बिदेसिने विद्यार्थीको भूमिका निर्वाह गरेको जानकारी दिए । परदेश हुँदा घर, साथी, पढाई साथै काममा हुने भोगाइ र यादहरूलाई फिल्ममा चित्रण गरिएको छ ।

अभिनेत्री केकी अधिकारीले फिल्मको सबैभन्दा बलियो पक्ष भनेको गीत र कथा नै रहेको जनाइन् । फिल्ममा एकजना परदेशी हुँदा उसको परिवार त सधै उसको पर्खाइमा रहने भयो । तर उसँग जोडिएको उसको प्रेमलाई पनि फिल्ममा देखाएको छ । फिल्मले देशमै गरे यही सुन फल्छ भन्ने निर्देशन समेत दिने उनले जानकारी दिइन् ।

फिल्ममा प्रकाश र केकीको अलवा वर्षा शिवाकोटी, नीर शाह, रमा थपलिया, प्रशान्त तामाङ, दिलीप रायमाझी, देवेन्द्र बब्लु, सुशील पोखरेल, सबिन बास्तोला, रोशनी कार्कीलगायतको अभिनय छ । राजेश बंशल (अग्रवाल) र नारायण रायमाझीको संयुक्त निर्माण रहेको फिल्ममा मानकृष्ण महर्जनको छायांकन, बीबी अनुरागी र नारायण रायमाझीको संगीत, रामजी लामिछाने र गोविन्द राईको कोरियोग्राफी छ ।

अष्ट महर्जनको द्वन्द्व, श्याम श्वेत रसाइलीको साउन्ड डिजाइन र मिक्सिङ, दीर्घ खड्काको सम्पादन रहेको फिल्म युनिट बिहीबार र शुक्रवार चितवनमा केही कलेजहरूमा पुगेर प्रचार समेत गरेको छ । चितवनमा पत्रकार र फिल्मकर्मीको भेटघाटको अवसर चलचित्र पत्रकार संघ चितवन शाखाका अध्यक्ष गोविन्द अर्याल जुराएका थिए ।

# मेलिना र चुडामणिको 'मुखले ठिक्क बनाउने'

■ प्रभाव संवाददाता



**काठमाडौं–** पछिल्लो समयकी चर्चित गायिका मेलिना राई र गायक चुडामणि मगरको स्वरमा 'मुखले ठिक्क बनाउने' गीत तथा भिडियो सार्वजनिक भएको छ । भद्र नकलको शब्द तथा संगीतमा तयार यस गीतको भिडियो हालै सार्वजनिक भएको हो ।

सन् २०१४ देखि गायनमा सक्रिय रहँदै आएका गायक चुडामणिले यसअघि पनि चर्चित कलाकारसँग सहकार्य गरेका छन् । यसैक्रममा उनले आफ्नो पछिल्लो गीत पनि मेलिनासँग गाएका हुन् । यस गीतको भिडियोमा अहिलेकी व्यस्त मोडल अञ्जली अधिकारी र टम्पशेर राईले अभिनय गरेका छन् । पूर्वेली लोकलयमा रहेको यस गीतको भिडियोमा अञ्जली र टम्पशेर राईको पहिलो स्क्रिन सेयर हो ।

अञ्जली र टम्पशेरको रोमाञ्चक नृत्य तथा अभिनय रहेको यस भिडियोलाई तारावीर पाण्डेको निर्देशन गरेका हुन् । भिडियोमा मुकेश हुमागाईंको छायाँकन र सञ्जिला सुमित्राको कोरियोग्राफी तथा विकाश धमलाको सम्पादन रहेको छ ।

उदयपुर त्रियुगा नगरपालिका साउनेका गायक चुडामणि मगरले यसअघि 'उदायो बिहानी', 'कान्छीको जवानी', 'वीर गोखौली' जस्ता चर्चित गीत ल्याइसकेका छन् । चुडामणिले 'भूल' नामक एल्बम निकालेर सांगीतिक यात्रा सुरु गरेका थिए । हाल उनी वैदेशिक रोजगारीका क्रममा कतारमा छन् । आफ्नो पछिल्लो गीत 'मुखले ठिक्क बनाउने' रिलिज गर्दै उनले भने, 'विदेश जानु वाध्यता हो, त्यसैले देशबाहिर रहेर पनि मेरो मन गीतसंगीतमै छ ।'

# 'मायावी'को निर्माणमा जोडिए चन्द्र

**काठमाडौं (प्रस)–** निर्देशक दिवाकर भट्टराईले निर्देशन गर्न लागेको नयाँ नेपाली फिल्म 'मायावी'मा एक्सन तथा फिल्म निर्देशक चन्द्र पन्त निर्माताका रूपमा अनुबन्धित भएका छन् । अभिनेता राज कटुवाल पनि यस फिल्मको निर्माता हुन् । चलचित्र विकास बोर्डका निवर्तमान सदस्यसमेत रहेका राजले फिल्म ' मायावी'मार्फत निर्माणमा पाइला चाल्न लागेका हुन् ।

झण्डै दुई दर्जन बढी फिल्ममा द्वन्द्व निर्देशकका रूपमा काम गरिसकेका चन्द्रले भोजपुरी फिल्म 'निरहुवा चलल लण्डन'मार्फत निर्देशनमा पाइला चालेका थिए । उनले निर्देशन गरेको नेपाली फिल्म 'माही' हो भने हाल छायांकन चरणमा रहेको फिल्म 'ह्रस्व दीर्घ'मा पनि चन्द्रकै निर्देशन हेर्न सकिन्छ ।

यतिबेला यस फिल्मको छायाकंन गर्ने तयारी गर्दै निर्माण टिम र कलाकारहरू छायाकंन स्थल मुस्ताङ पुगेका छन् । छायाकंनअघि यस फिल्मका मुख्य कलाकारहरू र निमार्ण टिमको लाइनअप सार्वजनिक भइरहेको छ । प्रेमकथा रहने यस फिल्मका लागि यसअघि नै मुख्य नायिकामा दीपिका प्रसाई र मुख्य नायकहरूमा पल शाह, सुशील सिटौला र मोडल समिम खान अनुबन्धित भइसकेका छन्, भने अर्की मुख्य अभिनेत्रीका रूपमा करिश्मा श्रेष्ठ पनि अनुबन्धित भइसकेकी छन् । अभिनेता पल झण्डै डेढ वर्षपछि यसै फिल्ममार्फत रजतपटमा कमव्याक गर्दैछन् यसै फिल्ममार्फत 'म्यान हन्ट इन्टरनेश्नल नेपाल २०१६'का विजेता समिम खानले नवनायकका रूपमा डेब्यू गर्दैछन् ।

फिल्म 'एउटा साथी'बाट नेपाली रजतपटमा डेब्यू गरेकी करिश्माले ' लभ सब' र 'बाबु कान्छा' पछि कुनै पनि फिल्ममा अभिनय नगरेर लामो समयपछि 'मायावी'बाट फिल्ममा कमव्याक गर्न लागेकी हुन् । यस्तै, यसै फिल्मको एक मुख्य पात्रको रूपमा केही दिन अघि अभिनेता प्रशान्त ताम्राकार पनि अनुबन्धित भएका छन् । उनको भूमिका बारे निर्माण टिमले कुनै जानकारी खुलाएको छैन । क्रिएटिभ सिने आर्टसले निर्माण गर्न लागेको फिल्ममा निर्देशक भट्टराई स्वयंको कथा रहनेछ । भट्टराई करिब चार वर्षपछि पुनः निर्देशनमा कमव्याक गर्दैछन् । फिल्मको छायांकन पोखराको रमणीय स्थलमा गरिने भएको छ । पोखराकै परिवेशमा रहेर यो फिल्मको कथा बुनिएको निर्माणपक्षले जानकारी दिएको छ ।

रंगशाला

# क्रिकेट संघमा यस्तो बन्यो चतुरको नेतृत्वमा नयाँ कार्यसमिति




■ प्रभाव संवाददाता

**काठमाडौं–** चतुरबहादुर चन्दको नेतृत्वमा नेपाल क्रिकेट संघ (क्यान)मा नयाँ कार्यसमिति चयन भएको छ । शनिबार काठमाडौंको नयाँ बानेश्वरस्थित एक होटलमा भएको साधारणसभा तथा अधिवेशनले क्यानको नयाँ केन्द्रीय कार्यसमिति चयन गरेको हो ।

क्यानको अध्यक्षमा चन्द निर्विरोध चयन भएका हुन् । चन्दलाई लुम्बिनी प्रादेशिक क्रिकेट संघका उपाध्यक्ष विनय राजभण्डारीले चुनौती दिने तयारी गरे पनि अन्तिम समयमा उनी आफ्नो निर्णयबाट पछि हटेका हुन् । क्यानको अध्यक्षमा चन्द दोस्रो पटक निर्वाचित भएका हुन् ।

त्यस्तै, उपाध्यक्षमा रोशनबहादुर सिंह, कोषाध्यक्षमा पदमबहादुर खड्का र महिला सदस्यमा जयन्ती भट्ट निर्विरोध चयन भए । यसैगरी, लुम्बिनीबाट प्रदीप मजगैंया र कर्णालीबाट श्रीधर केसी निर्विरोध केन्द्रीय सदस्य निर्वाचित भए भने अन्य पदका लागि निर्वाचन भएको थियो ।

निर्वाचनमार्फत क्यानको केन्द्रीय सचिवमा नेपाली क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्का ४८ मत ल्याएर विजयी भए भने उनका प्रतिद्वन्द्वी प्रशान्त मल्लले ३७ मत ल्याए ।

खुल्ला सदस्यतर्फ धीरेन्द्र सावदले ५९, वीरेन्द्र चन्दले ३४, दुर्गा पाठकले ५४, आयुस श्रेष्ठले ५१ मत ल्याएर र गोलाप्रथाका माध्यमबाट करन महत्रा क्षेत्री विजयी भए ।

प्रादेशिक सदस्यतर्फ कोशी प्रदेशमा अर्जुन पौडेलले ४७, मधेश प्रदेशमा गोलप्रथाबाट माधव कर्माचार्य, बागमती प्रदेशमा दिवाकर घलेले ४६, गण्डकी प्रदेश सुदीप शर्माले ५२, सुदूरपश्चिम प्रदेशमा विक्रम विष्टले ४९ मत ल्याएर विजयी भए । क्यानका अनुसार निर्वाचनमा कुल ८५ मत खसेको थियो । निर्वाचन भएको ११ पदका लागि २५ जनाले उम्मेदवारी दिएका थिए ।

# साफ यू-१९: भुटानद्वारा बंगलादेश पराजित

**काठमाडौं (प्रस)–** काठमाडौंमा जारी साफ यू-१९ फुटबल च्याम्पियनसिपमा भुटानले बंगलादेशलाई हराएको छ । दशरथ रंगशालामा भएको समूह चरणको खेलमा भुटानले बंगलादेशमाथि ४-३ को पुनरागमन जित निकालेको हो ।

बंगलादेशलाई हराउँदै भुटान प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । पहिलो खेलमा भारतसँग हारेको बंगलादेश दुई खेलमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ ।

प्रतियोगिताबाट बाहिरिने बंगलादेश पहिलो टिम समेत बनेको छ । सुरुआतमा २-० ले पछि परेको नतिजालाई उल्ट्याउँदै भुटानले बंगलादेशमाथि रोमाञ्चक जित दर्ता गर्यो । खेलको तेस्रो मिनेटमा रुबेल शेखको गोलमा अग्रता लिएको बंगलादेशका लागि ३० औं मिनेटमा असदुल मोलाले अग्रतालाई दोब्बर बनाएका थिए । जिग्मे नामग्यालले ३२ औं र किन्जांग तेनजिनले पहिलो हाफको इन्जुरी समयमा गोल गर्दै भुटानलाई खेलमा फर्काए ।

खेलको ५५ औं मिनेटमा राजु अहमद जिसानको गोलमा बंगलादेशले पुन खेलमा अग्रता बनाएको थियो । तर जिग्मे नामग्यालले ६८ औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै भुटानलाई बराबरीमा ल्याएका थिए भने खेल सकिन ६ मिनेट अघि रिन्जिन डार्जेले गोल गर्दै भुटानलाई रोमान्चक जित दिलाएका थिए । समुह विजेता बन्न समूह चरणको अन्तिम खेलमा भुटान र भारतले प्रतिस्पर्धा गर्नेछन् । दुवैले समूह चरणमा एक खेलका जित्दै समान ३ अंक जोडेका छन् ।

# अमेरिकामा नेपाली फुटबल र भलिबल, एक हजार खेलाडी सहभागी

■ प्रभाव संवाददाता



**न्युयोर्क–** अमेरिकामा बस्ने नेपाली समुदायबीच न्यूयोर्कको रोचेष्टर सहरमा आजदेखि बृहत् प्रतिस्पर्धात्मक फुटबल तथा भलिबलका खेल सुरु भएका छन् ।

अमेरिकाको छिमेकी मुलुक क्यानडाबाटसमेत केही टिम सहभागी भएको प्रतियोगितामा भलिबलका लागि पुरुषतर्फ २४ टोली सहभागी छन् । यस्तै फुटबलमा युवातर्फ १६ र ३५ वर्षमाथिका भेट्रानतर्फ आठ टोली गरी २४ टोली सहभागी छन् । महिलातर्फ भलिबलमा आठ वटा टोली प्रतिस्पर्धामा छन् भने फुटबलमा तीन टोली मैदानमा छन् ।

इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकाको आयोजनामा सुरु भएको तेस्रो इन्ट्रा कप फुटबल तथा भलिबल खेलको उद्घाटन फाउण्डेशनका अध्यक्ष डिल्ली अधिकारीले गरेका थिए ।

उत्तर अमेरिकामा रहेका नेपाली जातिका सबै खेलप्रेमीलाई हौसला बढाउने, नेपाली समाजलाई खेलका माध्यमबाट अनुशासित बनाउने र अमेरिकावासी नेपाली युवायुवतीको मनोबल बढाई भविष्यमा जुनसुकै प्रतिस्पर्धा पनि अगाडि बढ्नसक्ने बनाउने उद्देश्यले फाउण्डेसनले यी खेलहरू आयोजना गरेको उनले बताए ।

विश्वभरका नेपाली प्रतिभालाई समावेश गराई मेरो डान्स युनिभर्स र मेरो भ्वाइस युनिभर्स नामका दुई वटा रियालिटी शोहरू गत महिना नेपालमा समापन गरेको फाउण्डेसनले अमेरिकावासी नेपाली खेलप्रेमीका लागि यो बृहत् खेलकुदको आयोजना गरेको हो । आयोजक समितिका निर्देशक अरुण गुरुङले दिएको जानकारीअनुसार प्रशिक्षक र टोली म्यानेजरसहित लगभग एक हजार खेलाडी सामेल छन् ।

उनले दुवै खेलमा अमेरिकाका भर्मन्ट, पेन्सिलभेनिया, नर्थ क्यारोलिना, न्यूयोर्क, क्यानडा, ओहायो, मासाच्युसेट्स, केन्टकी, टेक्सास, क्यालिफोर्निया, जर्जिया, नेब्रास्का, मेरिल्याण्डलगायतका राज्यमा टोली सहभागी भएको बताए । प्रतिस्पर्धामा भेट्रान्सतर्फ हिलसिटी क्लब, रिभाइभल क्लब, एक्रोन इन्ट्रा, न्यूयोर्क भेट्रान्स, इन्ट्रा कोलम्बस र ह्यारिसवर्ग भेट्रान्स प्रतिस्पर्धामा छन् भने युवातर्फ साङ्गिला युथ फुटबल क्लब, न्यूयोर्क नेपाली फुटबल क्लब, टिमाई स्क्वाड, जुनियर योङ्ग गाइज एघार, पथरी एफसी, एफसी युनाइटेड, वाइएस एफसी, सगरमाथा एफसी, इन्ट्रा एफसी, युनाइटेड ओन्टारियो, भर्मन्ट इलेवेन एफसी, न्यू स्पोर्टिङ एफसी, चुके एफसी, युनिक ब्वाइज एफसी, नर्थ क्यारोलिना रोयल एफसी र खुदुनावारी एफसी छन् ।

त्यसैगरी भलिबलतर्फ बफेलो न्यूयोर्क टिम, इन्ट्रा ह्वाइट, युके ब्रदर्श इरी, सिराकस बिसी टिम, म्याग्दी समाज, अमेरिका टिम, रुकुम बी, रचेष्टर थन्डर, योङ ब्लड टिम, बागलुङ समाज टिम, एनआरएनए क्यालिफोर्निया टिम, एक र टिम दुई, फिफ्टी स्टार युवा क्लब, द सिटी अफ टालमाजे, युटिआइसीए युथ, रुकुम ए, बेलमन्ट टिम, इयुसिएनसी टिम, मामा भान्जा ह्वाइट टिम, सिन्धु टिम न्यूयोर्क, सार्लेट सिक्स टिम, इन्ट्रा ब्लू टिम, साजनी टेक्सास टिम, मामा भान्जा ब्ल्यू र एएनकेए केन्टकी टिम सहभागी छन् ।

फाउण्डेसनले युवातर्फको फुटबल विजेतालाई १५ हजार अमेरिकी डलर, दोस्रो हुनेलाई १० हजार र तेस्रो हुनेलाई छ हजार डलर पुरस्कारको व्यवस्था गरेको छ । अर्थात् भलिवलमा पुरुष विजेताले १० हजार, दोस्रोलाई छ हजार र तेस्रोलाई चार हजार अमेरिकी डलर पुरस्कारको व्यवस्था गरेको छ ।

भेट्रानतर्फ फुटबल विजेतालाई १० हजार, दोस्रोलाई छ हजार र तेस्रो हुनेलाई तीन हजार पुरस्कारको व्यवस्था गरिएको छ ।

योसँगै युवातर्फको विजेता टिमलाई एक सय १५ ग्राम सुनको ट्रफीको व्यवस्था गरेको छ । तर यो सुनको ट्रफीलाई आफ्नो बनाउनका लागि भने एउटै क्लबले तीन वर्ष लगातार जित्नुपर्ने हुन्छ । खेल तीन दिनसम्म चल्नेछ



पूर्वी चीनको आन्हुइ प्रान्तको ह्वाङ्शान सहरको याङ्चान गाउँमा एकजना स्थानीय बाली सुकाउँदै । 'शाइकिउ' अर्थात् शरद ऋतुमा बाली सुकाउने चीनको ग्रामीण परम्परा हो । सुकाउन राखिएका विभिन्न ढाँचा र रङका बालीहरू पर्यटकहरूका लागि आकर्षण बन्ने गरेका छन् । *तस्बिरः सिन्ह्वा*

चिनियाँ राष्ट्रपतिको आह्वान

# खेलकुदको माध्यमबाट शान्ति र एकता प्रवर्द्धन गरौं



**हाङ्झाउ–** चीनका राष्ट्रपति सी चिनफिङले खेलकुदको माध्यमबाट शान्ति र एकता प्रवर्द्धन गर्न आह्वान गरेका छन् । चीनको हाङझाउमा आयोजित १९औं एसियाली खेलकुद प्रतियोगिताको उद्घाटन समारोहअघि शनिबार आयोजित स्वागत समारोहमा चिनियाँ राष्ट्रपतिले खेलकुदमार्फत शान्ति, एकता र समावेशीता प्रवर्द्धन गर्न आह्वान गरेका हुन् ।

सीले साझा भविष्य भएका समुदायको सदस्यका रूपमा एसियाली राष्ट्रहरूले असल छिमेकी र पारस्परिक हितलाई प्रवर्द्धन गर्दै शीतयुद्धको मानसिकता त्यागेर विश्व शान्तिका निम्ति योगदान गर्नुपर्नेमा जोड दिए ।

विश्वव्यापी रूपमा मानव जातिले अकल्पनीय चुनौतीहरूको सामना गरिरहेको उल्लेख गर्दै चिनियाँ कम्युनिस्ट पार्टीका महासचिवसमेत रहेका सीले एसियाली जनताले ती चुनौतीहरूलाई पनि ऐतिहासिक अवसरका रूपमा लिएर एकजुट भई सामना गर्नुपर्ने बताए । उनले साझा विकास, खुलापन र एकताको बाटोमा अघि बढ्नुको विकल्प नभएको उल्लेख गरे ।

'एसियाली खेलकुदले एकअर्कालाई सांस्कृतिक रूपमासमेत समीप ल्याउँछ र एकअर्कालाई समृद्ध बनाउँछ । एसियाली संस्कृतिबाट एकअर्कालाई सिक्न, बुझ्न र एसियाली सभ्यता अनुभूत गर्न मद्दत पुग्नेछ,' खेलकुदको माध्यमबाट समावेशिता प्रवर्द्धन हुने तथा आपसी विश्वास वृद्धि हुने बताउँदै राष्ट्रपति सीले भने ।

यही असोज २१ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा अफगानिस्तान, बहराइन, बंगलादेश, भुटान, ब्रुनाइ, क्याम्बोडिया, चीन, चाइनिज ताइपेई, हङकङ, भारत, इण्डोनेसिया, इरान, इराक, जापान, जोर्डन, कजाकस्तान, कुवेत, किर्गिस्तान, लाओस, लेबनान, मकाउ, मलेसिया, मालदिभ्स, मंगोलिया, म्यान्मा, नेपालसहित ४५ देशले विभिन्न खेलमा प्रतिस्पर्धा गर्नेछन् ।

त्यसैगरी प्रतियोगितामा उत्तर कोरिया, ओमान, पाकिस्तान, प्यालेस्टाइन, फिलिपिन्स, कतार, साउदी अरब, सिंगापुर, दक्षिण कोरिया, श्रीलंका, सिरिया, ताजकिस्तान, थाइल्याण्ड, टिमोर लेत्से, तुर्कमेनिस्तान, संयुक्त अरब इमिरेट्स, उज्वेकिस्तान, भियतनाम र यमनका खेलाडी सहभागी छन् ।

कूल ४८ देश भएको एसिया महादेशका चार मुलुक युक्रेन, रुस, बेलारुस र इजरायल उक्त प्रतियोगितामा सहभागी छैनन् । अन्तर र्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले युक्रेनमा रुसले आक्रमण गरेकाले मस्कोविरुद्ध प्रतिबन्ध लगाएको छ भने रुसको सहयोगी बेलारुसलाई पनि युक्रेन युद्धमा सघाएकाले आइओसीले प्रतिबन्ध लगाएको हो । धेरै अरब मुलुक उक्त प्रतियोगितामा सहभागी भएकाले विगतदेखि नै इजरायल एसियाली खेलकुद प्रतियोगिताबाट बाहिर रहँदै आएको छ ।

एसियाड पनि भनिने यो खेलकुद प्रतियोगिताको आयोजना चीनले तेस्रोपटक गरेको हो । सन् १९९० मा बेइजिङ र सन् २०१० ग्वाङझाउमा एसियाड भएको थियो । कोभिड महामारीका कारण निर्धारित मितिमा हुन नसकेको यो प्रतियोगिताको औपचारिक संस्करण एसियाड २०२२ हो ।

कूल ६१ खेलमा स्पर्धा हुने उक्त प्रतियोगिताअन्तर्गत ५६ स्थानमा खेल हुनेछन् भने ४८१ वटा स्वर्णपदकलाई लक्ष्य बनाएर ४८ देशका खेलाडी मैदानमा उत्रेका छन् । औपचारिक रूपमा शनिबार अपराह्न प्रारम्भ हुने एसियाडका क्रिकेट, फुटबल, भलिबल, बिचभलिबललगायत खेल असोज २ गतेदेखि नै भइरहेका छन् । *रासस/सिन्ह्वा*

## सुरक्षा कारबाहीमा ६ जना मारिए

**रियो दि जेनेरो–** ब्राजिलमा प्रहरीले गरेको सुरक्षा कारबाहीमा छ जना मारिएका छन् । ब्राजिल प्रहरीले साल्भाडोरमा गरेको कारबाहीमा छ जना संदिग्धको मारिएका स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

झण्डै ३० लाख जनसंख्या भएको साल्भाडोर बाहिया राज्यको राजधानी हो । आपराधिक समूहले यो महिना ३० जनाभन्दा बढीको हत्या गरेपछि उक्त समूहविरुद्ध गरिएको कारबाहीमा उनीहरू मारिएका हुन् । आपराधिक गिरोहले हालसम्म ३४ जनाको हत्या गरिसकेका सुरक्षा अधिकारीहरूले बताएका छन् ।

शुक्रबार गरिएको सुरक्षा कारबाहीमा सर्वसाधारणको हत्यामा संलग्न केही मारिएका जनाउँदै प्रहरीले हत्यामा संलग्न गिरोहका ४३ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरिएको बताएको छ । बाहियाका अधिकांश नगरहरूमा आपराधिक गिरोहले हतियार तथा लागुऔषध तस्करी गर्ने तथा स्थानीयलाई आक्रणको निशाना बनाउँदै आएको छ । ठूला आपराधिक गुटलाई नियन्त्रण गर्न प्रहरीले पनि नियमित रूपमा कारबाही गर्दै आएको छ । *रासस/सिन्ह्वा*

## युक्रेनलाई लामो दूरीमा प्रहार गर्ने क्षेप्यास्त्र दिंदै अमेरिका

**वासिङ्टन–** अमेरिकाले युक्रेनलाई लामो दूरीमा प्रहार गर्ने क्षमताका क्षेप्यास्त्र युक्रेनलाई प्रदान गर्ने भएको छ । राष्ट्रपति जो बाइडेनले युक्रेनलाई लामो दूरीका क्षेप्यास्त्र चाँडै उपलब्ध गराउने योजना बनाएका हुन् ।

युक्रेनी राष्ट्रपतिसँग वासिङ्टनमा भेटवार्ता गरेपछि किएभलाई रुसका भित्रीभागसम्म प्रहार गर्ने क्षमताका हतियार दिने निष्कर्षमा उनी पुगेको हतियार सहायतासम्बन्धी विषयसँग परिचित एक जना अधिकारीले बताएका छन् । युक्रेनले अब ३०० किलोमिटर परसम्म प्रहार गर्ने क्षमताका एटिएसिएमएस क्षेप्यास्त्र प्राप्त गर्ने उनले बताए ।

यसैबीच, युक्रेनले शुक्रबार प्रहार गरेको क्षेप्यास्त्रले रुसको ब्ल्याक सी फ्लिटको मुख्यालयमा क्षति गरेको छ । एक युक्रेनी सैन्य स्रोतका अनुसार सेभास्टोपोल बन्दरगाहमा बेलायत र फ्रान्सले प्रदान गरेका स्टोर्म स्याडो क्षेप्यास्त्र आक्रमण गरिएको हो । यी क्षेप्यास्त्र बढीमा १०२ किलोमिटर परसम्म प्रहार गर्ने क्षमताका हुन् । *रासस/एपी*


यस **एभरेष्ट पेरेन्टेरल्स प्रा.लि.** बाराद्वारा उत्पादित निम्नानुसारका औषधीहरूको आ.व. २०८०/०८१ को लागि बजार दररेट तथा बिक्री मुल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधिकारिक बिक्रेता **मेगा मेडिसिन सप्लार्यस**, महेन्द्रनगर, कञ्चनपुर भ्याट नं. ६०१४२६९७५ बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ ।
E-mail:megamedicinesupplier@gmail.com मोवाइल नं. ९८५८७८०८०१

| S.N. | Name of product | Unit | MRP |
|---|---|---|---|
| 1 | Inj. Ondasetron hydrochloride 2mg 2ml | Ampul | 35 |
| 2 | Inj. Hyoscine butylbromide Bp 20mg 1ml | Ampul | 33 |
| 3 | Inj. Metoclopramide Hydrochloride 5.0mg 2ml | Ampul | 18 |
| 4 | Inj. Ketorolac tromethamine ups 30mg 1ml | Ampul | 40 |
| 5 | Inj. Ranitidine Hydrochloride ups 25.0mg2ml | Ampul | 9 |
| 6 | Inj. Gentamicin sulfate ups 40mg 2ml | Ampul | 19.8 |
| 7 | Inj. Diclofinac 3ml | Ampul | 30 |
| 8 | Inj.Pheniramine maleate Ip 22.75mg 2ml | Ampul | 10 |
| 9 | Inj. Dextrose 5% 500ml | Vail | 53 |
| 10 | Inj. Dextrose 10% 500ml | Vail | 63 |
| 11 | Inj. Sodium chloride 0.9% 500ml | Vail | 53 |
| 12 | Inj.Ringer Lactate 500ml | Vail | 63 |
| 13 | Inj. Ketamine 2ml | Ampul | 50 |
| 14 | Inj. Lidocain 2% 30ml | Vail | 50 |
| 15 | Inj.Atropine 1ml | Ampul | 11 |
| 16 | Inj.Vitamin c 5ml | Ampul | 22 |
| 17 | Inj.Dopamin 5ml | Ampul | 30 |
| 18 | Inj.Levofloxacine 100ml | Vail | 233 |
| 19 | Inj.Dextrose 5% sodium chloride 0.9%500ml | Vail | 53 |
| 20 | E/E Ciprofloxacine 5ml | Vail | 28 |
| 21 | E/E Ofloxacine 5ml | Vail | 70 |
| 22 | E/E Gentamycine 5ml | Vail | 18 |
| 23 | Inj. Paractamol 100ml | Vail | 550 |
| 24 | Inj.Amicacin 500mg | Ampul | 140 |
| 25 | Inj.Amicacin250 mg | Ampul | 66 |
| 26 | Ini. Frusimide | Ampul | 11 |
| 27 | Inj.Traxamic acide | Ampul | 110 |
| 28 | Inj.Clindamycin 2 ml | Ampul | 243 |

**Fewa HR Solutions Pvt. Ltd.** श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: EXCELLENT SCAFFOLDING FACTORY
पूर्व स्वीकृति मिति २०८०/०६/०४ LT. No. 292781 चलानी नं. ६०२०७९४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1000 | ३५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज १४ गते (1st Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।**

**सवारी साधन विक्री गर्ने बारे १५ दिने सुचना**

(प्रकाशित मितिः २०८०/०६/०७)

यस संस्थाको नाउंमा दर्ता कायम भएको तपशिलमा उल्लेखित सवारी साधन जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा विक्री गरिने भएकोले सो खरीद गरिलिन इच्छुक महानुभावहरुले यस संस्थामा सम्पर्क राखि खरिद गरि लिन चाहेको मुल्य स्पष्ट संग उल्लेख गरि रितपूर्बक सिलबन्दी बोलपत्र संस्थाको कार्यालय, कमलादी, काठमाण्डौंमा यो सुचना प्रकाशित मितिले १५ दिन भित्र पेश गर्न हुन सुचित गरिन्छ ।

**तपसिल**

**विक्री गरिने सवारी साधनको विवरणः**

| | |
|---|---|
| १ | रिलायन्स फाईनान्स लि. को नाममा दर्ता रहेको बा १२ च ३११०, इन्जिन नं M G4LAEM347459, चेसिस नं : MALA841CLEM036523 को कार १ थान । |

**शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरु:**

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थाको केन्द्रिय कार्यालय कमलादी, काठमाडौंमा प्राप्त भई सक्नु पर्नेछ । सो बोलपत्र १६औ दिनमा दिनको २:०० बजे, सो दिन विदा परे सो को भोलिपल्ट खोलिनेछ ।
२. बोलपत्र फाराम यस संस्थामा कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
३. बोलपत्रको खाम बाहिर सवारी साधन विक्रीको गोप्य शिलबन्दी बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
४. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो सो रकम अंक तथा अंक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ । आफुले कबुल गरेको रकमको घटीमा १० प्रतिशतका दरले धरौटी स्वरुप संस्थाको नामको प्रभु बैक लि. कोटेश्वर शाखाको खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ ।
५. बोलपत्रवालको परिचय खुल्ने प्रतिलिपी बोलपत्र साथ समावेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिन समय भित्र बोलपत्र दाता स्वंय वा निजको प्रतिनिधि उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ । निजहरुको उपस्थित नभएपनी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
७. म्याद नाघि वा रित नपुगी आएका तथा शर्त राखि दिएको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्र दाताले सो को सुचना गरेको मितिले ७ दिन भित्र धरौटी बाहेकका बाँकि कबुल रकम संस्थामा जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी वापत जम्मा गरिएको रकम जफत हुनेछ ।
९. बोलपत्र स्वीकार गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
१०. सवारी साधन नामसारी गर्दा लाग्ने सरकारी दस्तुर र अन्य रकम खरिदकर्ता आफैले ब्यहोर्नु पर्नेछ ।
११. अन्य जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखि हेर्न बुझ्न सकिनेछ ।

**RELIANCE FINANCE LIMITED**
रिलायन्स फाइनान्स लिमिटेड
**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu. Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np, Web: www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा

**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ११२१०० | प्रति तोला - १११५५० | प्रति तोला - १४२५ |




**नारायणीमा पर्यटक** | चितवनको भरतपुर महानगरपालिका-१ देवघाटधामबाट नारायणगढसम्म नारायणी नदीमा डुंगा सयर गर्दै विदेशी पर्यटक ।
*तस्बिरः कृष्ण आचार्य/रासस*

**प्रधानमन्त्रीको चीन भ्रमणः**

## कोरला नाका खुलाउन माग

■ प्रभाव संवाददाता

**बेनी (म्याग्दी)–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' एक साता लामो चीन भ्रमणमा निस्किएपछि कोरला नाका सञ्चालन हुने विषय पुनः चर्चामा आएको छ । चीनको स्वशासित क्षेत्र तिब्बत र उपल्लो मुस्ताङको सीमाना 'कोरला नाका' सञ्चालन गर्ने दुई देशबीचको तयारीले मूर्तरूप लिन नसकिरहेको सन्दर्भमा प्रधानमन्त्रीको चीन भ्रमणले स्थानीयवासीमा नाका सञ्चालनमा आउने विश्वास बढेको हो ।

नेपालसँग कोरलालगायतका विभिन्न थप आठ नाका खोल्ने सहमति भएपछि चिनियाँ पक्षले कोरला नाकामा आवश्यक पर्ने सम्पूर्ण तयारी पूरा गरेको छ । चीनले आफ्नो भूमिलाई तारबार गरेर सुरक्षा गरेको छ । सीमानाकाको दशगजा क्षेत्रमा सुरक्षाको प्रबन्धसँगै भवन पनि बनाइसकेको छ । नाकासम्म नै सडक कालोपत्रे गरिसकेको चिनियाँ पक्षले बन्दरगाह, सुरक्षा पोस्ट, भन्सारलगायतको सम्पूर्ण तयारी गरिसकेको छ ।

कोरला नाका सञ्चालनको लागि चीनले सबै तयारी पूरा गरेको र नेपाल पक्षबाट समेत तयारी सँगसँगै सुरक्षा संवेदनशीलताको 'ग्यारेन्टी' चाहेको मुस्ताङका प्रदेशसभा सदस्य नाम्डु गुरुङले बताए । चीनले नाका सञ्चालनको सबै तयारी पूरा गरेकाले गण्डकी प्रदेशको आर्थिक विकासको 'लाइफ लाइन' मानिएको कोरला नाका सञ्चालनको लागि प्रधानमन्त्री दाहालको भ्रमणको क्रममा सम्झौता हुनसक्ने आशा पलाएको उनले बताए ।



'यो नाका पारवहन र पर्यटन दुवै दृष्टिकोणमा महत्त्वपूर्ण छ । नाका सञ्चालनमा ल्याउन सकेमा अन्तरदेशीय व्यापार र धार्मिक पर्यटनको ओहोर-दोहोर सुरु हुन्छ । समग्रमा मुस्ताङ र गण्डकी प्रदेशको विकासमा यो नाकाले भूमिका खेल्छ । हामीले प्रदेश सरकार र प्रदेशसभामा यो विषयमा निरन्तर आवाज उठाउँदै आएका छौँ । सङ्घीय सरकारलाई समेत यो विषय जानकारीमै छ', गुरुङले भने ।

उजाड हिमाली मरुभूमिको समथर फाँटमा रहेको कोरला नाकामा 'नेपाल' लेखिएको २४ नम्बरको पिल्लर मात्रै सीमा क्षेत्रमा नेपालतर्फको देखिने चिनारी रहेको छ । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सन् २०१६ मार्चमा भएको औपचारिक भ्रमणका बेला चीनसँग व्यापार र पारवहन सम्झौता भएको थियो । सन् २०१८ जुनमा भएको भ्रमणका समयमा दुई देशबीच थप नाका खुलाउने समझदारी भएको थियो ।

यसै नाकालाई लक्षित गरेर निर्माणाधीन बेनी-जोमसोम-कोरला सडक आयोजनाको म्याग्दी खण्डको काममा ढिलासुस्ती भएको छ । पारवहन र व्यापारिक हिसाबले निकै महत्वपूर्ण मानिने दुई ठूला मुलुक चीन र भारत जोड्ने गरी निर्माणाधीन कालीगण्डकी कोरिडोर सडक कोरला नाकाको आधारभूत पूर्वाधार हो । घाँसादेखि जोमसोम हुँदै कोरलासम्मको सडक कालोपत्रे र ग्राभेलसहित स्तरोन्नतिको काम अन्तिम चरणमा पुगे पनि बेनीदेखि घाँसा खण्डमा निर्माण व्यवसायीको ढिलासुस्ती र बाढी, पहिरो तथा नदी कटानको कारण कालोपत्रेको काम प्रभावित भएको छ ।

दुई देशबीचको बहुप्रतिष्ठित कोरला नाका चर्चामा रहँदा परम्परागत रूपमा कोरला नाकामा अर्धवार्षिकरूपमा लाग्दै आएको व्यापार मेलासमेत चार वर्षदेखि बन्द भएको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी न्हर्वु गुरुङले बताए । यो वर्ष नाका सञ्चालनको सम्पूर्ण पूर्वाधार निर्माणको काम सकेको चिनियाँ पक्षले व्यापार मेला नगरेर नाका नै खुलाउने इच्छा देखाएको र प्रधानमन्त्रीको भ्रमणका क्रममा समेत यो विषय समावेश हुने खबरले नाका सञ्चालनमा थप प्रगति हुनेमा मुस्ताङवासी विश्वस्त रहेको उहाँको भनाइ छ ।

कोरला नाका परिसरमा एकीकृत भन्सार कार्यालयको पूर्वाधार निर्माणको लागि करिब एक हजार रोपनी जग्गा अधिग्रहणको काम सम्पन्न भएको छ भने हालै माटो परीक्षणसमेत गरिएको छ । वाणिज्य मन्त्रालयबाट सर्वे र डिपिआरको लागि बजेट विनियोजन भएपछि माटो परीक्षण गरिएको हो ।

माटो परीक्षणको लागि आएको टोलीले गत असार १५ गतेदेखि कोरला नाकामा पूर्वाधार बनाउने सम्भावित ठाउँको माटो परीक्षण गरेको जिल्ला प्रशासन कार्यालय मुस्ताङले जनाएको छ । कोरला नाकालाई लक्षित गरेर लोमान्थाङमा सीमा प्रहरीचौकी र छोसेरको नेचुङमा इलाका प्रहरी कार्यालय रहेको छ । सीमा सुरक्षालाई मध्यनजर गर्दै कोरला नाकादेखि करिब २० किलोमिटरयता नेचुङमा सशस्त्र प्रहरी बलको विओपी पोस्ट स्थापना भइसकेको छ ।

**साताको सेयर बजार**

## सातामा ७ अर्बभन्दा बढीको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** यस हप्ता सेयर कारोबार मापक नेप्से परिसूचक पहिलो दिन उच्च अंकले घटी बाँकी तीन दिन लगातार बढेर बन्द भएको छ । यो साता कूल चार दिनको कारोबारमा रू सात अर्ब ३६ करोड ९५ लाख ११ हजार आठ सय ९३ मूल्य बराबरको धितोपत्र खरिद बिक्री भएको छ ।

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) का अनुसार सेयर बजारमा साताको कारोबारको पहिलो दिन आइतबार कुल दुई सय ७८ कम्पनीका ५६ लाख ५९ हजार चार सय ५८ कित्ता सेयर रू दुई अर्ब दुई करोड ८४ लाख ६५ हजार छ सय १० मूल्य बराबरमा खरिद बिक्री भएको छ । आइतबार नेप्से परिसूचक ४२ दशमलव १४ अंकले घटेर एक हजार नौ सय ६४ दशमलव ९१ अंकमा आएको थियो ।

त्यस्तै दोस्रो दिन सोमबार नेप्से परिसूचक चार दशमलव २६ अंकले उकालो लागेर एक हजार नौ सय ६९ दशमलव १८ मा पुगेको थियो । यस दिन विभिन्न कम्पनीका कूल २८ लाख ७४ हजार दुई सय ७५ कित्ता सेयर रू ८७ करोड चार लाख ४४ हजार एक सय ५६ मूल्यमा खरिद बिक्री भएका थियो ।

कारोबारको तेस्रो दिन भने नेप्से दोहोरो अंकले बढेको थियो । यस दिनको अन्तिम कारोबारपछिको अवस्थामा परिसूचक १६ दशमलव २४ अंकले बढेर एक हजार नौ सय ८५ दशमलव ४३ अंकमा कायम भएको थियो । कूल दुई सय ७२ कम्पनीको ४३ लाख ३६ हजार पाँच सय ८३ कित्ता सेयर ५० हजार दुई सय ९६ पटक खरिद बिक्री हुँदा रू एक अर्ब १७ करोड ६६ लाख ८० हजार सात सय ५७ बराबरको कारोबार भएको थियो ।

त्यस्तै यस साताको धितोपत्र कारोबारको अन्तिम दिन बिहीबार नेप्से परिसूचक उत्साहजनक वृद्धि भएको थियो । यस दिन नेप्से परिसूचक ४४ दशमलव ३४ अंकले बढेर दुई हजार २९ दशमलव ७८ अंकमा कायम भएको थियो । यो दिन दुई सय ७८ कम्पनीका एक करोड १२ लाख ६४ हजार तीन सय नौ कित्ता सेयर एक लाख १९ हजार तीन सय ५९ पटक खरिदबिक्री भएको थियो । जसमा रू तीन अर्ब २९ करोड ३९ लाख २१ हजार तीन सय ६८ बराबरको कारोबार भएको थियो ।

## सरकारी कार्यदलले औंल्यायो ऊर्जा क्षेत्रका समस्या

■ रमेश लम्साल

**काठमाडौं–** सरकारले मुलुकको ऊर्जा क्षेत्रको विकास क्रमशः भइरहेपनि अपेक्षित रूपमा प्रगति हुन नसक्नुका पछाडि रहेका समस्याहरूको पहिचान गरेको छ ।

ऊर्जा संरचनाको विकासका प्र्याप्त आन्तरिक पूँजीको व्यवस्था तथा परिचालन हुन नसक्नु र बहुपक्षीय निकायलगायत अन्य क्षेत्रबाट प्र्याप्त मात्रामा लगानी भित्र्याउन नसक्नुलाई सरकारले प्रमुख समस्याको रूपमा चित्रण गरेको छ । यस्तै, वातावरणीय अध्ययन, वन उपयोग तथा जग्गा प्राप्तिसम्बन्धी कार्य सरल तथा सहज नहुनलाई पनि चुनौतीको अर्को पक्षका रूपमा अर्थ्याएको छ ।

प्रसारण तथा वितरण प्रणाली विकासका अन्तर निकाय समन्वयको कमी हुनु, प्रसारण लाइन र सवस्टेशनको निर्माणमा जग्गा अधिग्रहण, क्षतिपूर्ति तथा प्रसारणमार्ग प्राप्तिमा सहजता नहुनु, प्रक्रियागत रूपमा ढिलाइ हुनुलाई पनि समस्याका रूपमा चित्रण गरेको छ । तोकिएको समयभन्दा बढी समय लाग्नु, लागत बढ्नु र परियोजनाबाट प्राप्त हुने लाभ क्रमशः घट्दै जाने अवस्थाको सिर्जना भएको छ ।

निर्माणाधीन प्रसारण लाइन सम्पन्न हुन १३ वर्षसम्म लाग्ने गरेको छ । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले मन्त्रीस्तरीय निर्णय गरी गठन गर्नुभएको कार्यदलले ऊर्जा क्षेत्रको विकासमा देखा परेका समस्याहरूको पहिचान गरेको छ । ती समस्या समाधानका लागि कुन निकायले के कति समयमा के कसरी काम गर्नुपर्ने सुझाव दिएको छ । सरकारी निकायबीचको समन्वय, सहकार्य तथा सरोकारवाला निकायबीचमा समान बुझाइ हुनुपर्ने पनि कार्यदलको सुझाव छ । कार्यदल ऊर्जा मन्त्रालयका सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा गठन भएको थियो । कार्यदलले आयोजनाको निर्माण, सुदृढीकरण तथा क्षमता अभिवृद्धिका कार्यहरू तोकिएको समयमा सम्पन्न नहुनु, विद्युत् उत्पादन आयोजना र सो को लागि आवश्यक हुने प्रसारण लाइन एवं सवस्टेशनलगायतका पूर्वाधार निर्माणमा तादम्यता नहुनु, प्रसारण तथा वितरण प्रणाली निर्माणका लागि प्राविधिक र वित्तीय स्रोतका साथै कुशल निर्माण व्यवसायीको सहज उपलब्धता र उचित परिचालन नहुनु जस्ता कारणले अपेक्षित प्रगति हुन नसकेको कार्यदलले ठहर गरेको छ ।

देशभित्र दक्ष जनशक्तिको अभाव पनि यस क्षेत्रको विकासमा चुनौतीको रूपमा खडा भएको छ । निर्माण व्यवसायीको क्षमता पनि अपेक्षित रूपमा बढ्न सकेको छैन । निजी क्षेत्रले यस क्षेत्रमा पछिल्ला दिनमा प्रगति



भएपनि गुणात्मक परिवर्तन गर्ने गरी हस्तक्षेप गर्न सक्ने स्थानमा पुग्न सकेको छैन ।

वित्तीय जोखिम न्यूनीकरणका लागि आवश्यक संयन्त्रहरूको पहिचान तथा परिचालन गर्न नसक्नु, क्लाइमेट फाइनान्सिङको प्रचुर सम्भवना भए पनि ऊर्जा संरचना निर्माणमा उक्त स्रोतको उपयोग हुन सकेको छैन । जलावायु परिवर्तनको असर नेपाल जस्ता हिमाली देशमा अत्यधिक मात्रामा परेको छ । ग्रीन हाउस ग्यास उत्सर्जनमा नेपालको भूमिका असाध्यै न्यून भए पनि नकारात्मक प्रभाव भने अत्यधिक मात्रामा परेको छ ।

कार्यदलले पहिचान गरेको समस्यामा आयोजनाको विकासका लागि नीति तथा कानुनको समयानुकूल तर्जुमा एवं परिचालन नहुनु, विद्यमान ऐन, कानुनका बीच सामस्या कायम नहुनु, विद्युत् आयोजनाको विकासमा प्रदेश र स्थानीय तहको भूमिका स्पष्ट नहुनु, विद्यमान सार्वजनिक खरिद कानुनमा विद्युत् आयोजना विकासका लागि अनुकूल हुने विशेष व्यवस्था नहुनु रहेको छ ।

यस्तै, विद्युत् व्यापारसम्बन्धी नीतिगत एवं कानुनी व्यवस्थाको अभाव हुनु, अन्तरदेशीय विद्युत् व्यापारका लागि आवश्यक पूर्वाधारको कमी हुनु र क्षेत्रीय तथा उपक्षेत्रीय तहमा बजार थप विस्तार हुन नसक्नुलाई पनि समस्याको रूपमा चित्रण गरेको छ । यी र यस्ता समस्याको समाधानका लागि नीतिगत रूपमा थप प्रष्टताको आवश्यकता औँल्याइएको छ । कानुनी, संरचनागत सुधार, दक्ष जनशक्तिको जोहो, लगानीमैत्री वातावरण र लगानीका बहुपक्षीय स्रोतको व्यवस्थापन, तालिकाबद्ध विकासको आवश्यकता औँल्याइएको छ ।

अर्थतन्त्रको प्रमुख आधार स्तम्भका रूपमा ऊर्जा क्षेत्रको विकास गर्न थप लगानी एवं तोकिएकै समयमै आयोजनाको विकास गर्ने विषयलाई सरकारले प्राथमिकता दिएको छ । वन क्षेत्रको जग्गा प्रयोग, मुआब्जा वितरणमा रहेको समस्या तथा क्रमशः बढ्दै गएको लागत घटाएर प्रतिस्पर्धी बनाउने चुनौतीलाई सम्बोधन गर्नुपर्ने कार्यदलको सुझाव छ ।

प्रविधिमा आएको परिवर्तनलाई आत्मसात गर्दै दिगो भरपर्दो र गुणस्तरीय रूपमा आयोजना निर्माणलाई जोड दिनुपर्ने आवश्यकता पनि उत्तिकै देखिएको छ । जल तथा ऊर्जा आयोगको प्रतिवेदनअनुसार कूल ग्राहस्थ उत्पादनमा सात दशमलव दुई प्रतिशत वार्षिक वृद्धिदर लिई प्रक्षेपण गर्दा गर्दा सन् २०३५ सम्म कूल आन्तरिक माग ४० हजार सात सय ७० गिगावाट घण्टा पुग्नेछ । त्यसका लागि १३ हजार चार सय ६८ मेगावाट बराबर बिजुली उत्पादन हुनुपर्नेछ ।

सन् २०३५ सम्ममा प्रतिव्यक्ति विद्युत् खपत एक हजार पाँच सय युनिट बराबर पुग्ने देखिन्छ । सो अवधिमा एक सय ३२ केभी क्षमताकाा छ हजार चार सय ३१ सर्किट किलोमिटर, दुई सय २० केभी क्षमताका चार हजार ६१ सर्किट किलोमिटर, चार सय केभी क्षमताका छ हजार चार सय ४० सर्किट किलोमिटर बराबर प्रसारण लाइन निर्माण हुनुपर्नेछ । यस्तै, सवस्टेशनहरूको क्षमता ४० हजार एमभीए पुग्नुपर्नेछ । काठमाडौं उपत्यकालयाताका सात प्रमुख सहरमा सन् २०५० सम्मको माग र आपूर्तिको सन्तुलन मिलाउनका लागि प्रसारण तथा वितरण संरचनाको निर्माण गर्नुपर्ने आवश्यकता छ ।

त्यसका लागि प्रसारण तथा वितरण आयोजनाको निर्माणका लागि प्राविधिक क्षमताको विकास तथा वित्तीय स्रोतको उपलब्धता सुनिश्चित गरी परिचालन गर्ने सरकारको लक्ष्य छ । *रासस*

## साउन र भदौमा ५ अर्ब ४३ करोडको विद्युत् निर्यात

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु चालु आर्थिक वर्ष (आव) २०८०/८१ को दुई महिनामा ५ अर्ब ४३ करोड ३१ लाख रूपैयाँको विद्युत भारततर्फ निर्यात भएको छ । नेपाल विद्युत प्राधिकरणले साउनमा १ अर्ब ९४ करोड ८४ लाख र भदौमा ३ अर्ब ४८ करोड ४८ लाख रूपैयाँको विद्युत् भारतीय बजारमा निर्यात गरेको छ । दुई महिनामा ३ अर्ब ३९ करोड ५७ लाख भारतीय रूपैयाँको (५ अर्ब ४३ करोड ३१ लाख रूपैयाँ) विद्युत् निर्यात भएको हो । साउन र भदौमा भारतर्फ निर्यात गरिएको विद्युत्को प्रतियुनिट औसत बिक्री दर क्रमशः ८ रूपैयाँ १३ पैसा र १२ रूपैयाँ २७ पैसा छ । दुई महिनाको समग्र औसत विद्युत् बिक्री दर प्रति युनिट १० रूपैयाँ ३७ पैसा छ ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्रााधिकरणले इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र केहीअघिबाट मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब ११० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत व्यापार निगम लि- एनभिभिएनलाई बिक्री गरिरहेको छ ।

भारतको विद्युत मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत प्राधिकरणले प्रतिश्पर्धी बजारमा ५२२ मेगावाट र एनभिभिएनलाई ११० मेगावाट गरी ६३२ मेगावाट विद्युत निर्यातका लागि नेपाल विद्युत प्राधिकरणलाई स्वीकृति दिएको छ । यसमध्ये ५६२ मेगावाट विद्युत् ढल्केबर-मुजफ्फपुर ४०० केभी अन्तरदेशीय प्रसारण लाइनबाट र ७० मेगावाट महेन्द्रनगर-टनकपुर १३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् निर्यातबाट नेपालको विदेशी मुद्रा सञ्चिती र दुई मुलुकबीचको व्यापार घाटालाई कम गर्न योगदान पुगिरहेको बताए । 'देशभित्र उत्पादित विद्युत् यहीं खपत गर्न पूर्वाधार संरचनाको सुधार तथा सुदृढीकरण गरिरहेका छौं, विद्युत् नपुगेका ठाउँमा विद्युत् पुर्याउनका लागि विद्युतीकरणको कार्य पनि चलिरहेको छ', कार्यकारी निर्देशक घिसिङले भने ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ